पेशागत हकहित, सुरक्षा, श्रम एकता आजको आवश्यकता

श्रम दर्ता नं. ३३८७

# नेबियु सन्देश

NEBEU SANDESH

आवद्ध : एनडीफन्ट

त्रैमासिक

वर्ष - ३ अङ्क २ पूर्णाङ्क ५ २०७४ कार्तिक सहयोग रू. १०/-

## युनियनको शुभकामना आदानप्रदानसंगै तुच्चा ज्याभ्वः (कार्यक्रम)







नेपाल बैंङ्क कर्मचारी युनियन,केन्द्रीय समिति काठमाण्डौले नेपालीहरूको महान चाड तिहार-२०७४, नेपाल सम्वत ११३८ न्हू दँ तथा छठ पर्व समेतको अवसरमा ने.बै.लि. प्रधान कार्यालयको प्राङ्गणमा शुभकामना आदानप्रदान तथा नेवारी परम्परा अनुसारको समय्बजी कार्यक्रम सहितको जलपान कार्यक्रम सफलतापूर्वक सम्पन्न गऱ्यो ।

उक्त कार्यक्रममा नेपाल बैङ्क लिमिटेडमा कार्यरत कर्मचारीहरू, व्यवस्थापन समिति, उच्चस्तरीय व्यवस्थापकहरू, युनियनका पदाधिकारी तथा सदस्यहरू, एनडिफोन्ट लगायत अन्य संघ संस्थाहरू, विज्ञापनदाताहरू, लेखकवर्गहरू तथा भू.पु.कर्मचारीहरू समेतको बृहत सहभागित रहेको थियो ।

## नेपाल बैङ्क संग्रहालय बन्नुपर्दछ

**पूर्व नायव महाप्रबन्धक निर्मलकुमार बरालसंगको**

**अन्तर्वार्ता**

(पृष्ठ ८ मा)



## नेपाल बैङ्क कर्मचारी युनियन नविकरण

नेपाल बैङ्क कर्मचारी युनियन मिति २०७२ असार महिनामा श्रम कार्यालय, बागमतिबाट विधिवतरुपमा दर्ता भई बैङ्क विकास र कर्मचारी हकहितको लागि नेपाल बैङ्कमा क्रियाशिल रहेका अन्य युनियनहरूसंग हातेमालो गर्दै संयुक्त आन्दोलन समेत सञ्चालन गर्दै सक्रिय रहेको सम्पूर्ण कर्मचारीवर्गमा विदितै छ ।


*बाँकी पृष्ठ २ मा*

## नेपाल बैङ्क लिमिटेडको चुक्ता पूँजी पुग्यो

चालु आर्थिक वर्षभित्र "क" वर्गका सबै वाणिज्य बैङ्कहरूलाई चुक्ता पूँजी ८ अर्व पुऱ्याउन नियमनकारी निकाय नेपाल राष्ट्र बैङ्कले दिएको निर्देशनको परिपालनमा नेपाल बैङ्क लिमिटेड सफल भएको छ । नेपालको वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत केही अवधि करार व्यवस्थापन र केही अवधि नेपाल राष्ट्र बैङ्कको व्यवस्थापन अन्तर्गत सञ्चालित भई विगत २ वर्ष यता खुल्ला प्रतिस्पर्धाबाट नियुक्त प्रमुख कार्यकारी अधिकृत देबेन्द्रप्रताप शाहको नेतृत्वमा चलिरहेको यस बैङ्कको चुक्ता पूँजी ८ अर्व २ करोड पुगेको छ ।

नेपाल बैङ्क लिमिटेडले कुनै मर्जर वा एक्विजिसन विना नै नेपाल राष्ट्र बैङ्कद्वारा तोकिएको समय सीमाभित्र चुक्ता पूँजी पुऱ्याएको हो । पुरानो कर्जा असुली,सम्पत्ति विक्री, समग्र कारोवार तथा कार्यकुशलता अभिबृद्धिमा बैङ्कद्वारा गरिएको अथक प्रयासबाट नियामक निकायद्वारा निर्धारित न्यूनतम सीमाभन्दा केही बढी चुक्ता पूँजी पुऱ्याउन बैङ्क सफल भएको हो ।

*बाँकी पृष्ठ २ मा*



## सम्पादकीय

### विकासको अनुभूति हुनुपर्दछ

नेपालको पहिलो जेठो बैङ्क नेपाल बैङ्क लिमिटेड वि.सं. १९९४ मा स्थापना भएपछि नेपाली जनतालाई बैकिङ्ग सुविधा प्रदान गर्दै विभिन्न उतारचढावहरू पार गर्दै ८१ वर्षमा प्रवेश गर्दैछ । यो अवधिमा नेपाल बैङ्क सुधारका लागि राज्यबाट र नेपाल राष्ट्र बैङ्कबाट चरणबद्धरुपमा विभिन्न कार्ययोजना सहितका प्रयासहरू नभएका होइनन् । यो ८ दशकभन्दा बढी समयको अवधिमा नेपालको आर्थिक तथा बैकिङ्ग विकास र विस्तारमा महत्वपूर्ण योगदान पुऱ्याउँदै सरकारको आर्थिक उद्देश्य र संस्थाको व्यावसायिक उद्देश्य दुबैलाई संयोजन गर्दै नेपाल बैङ्क लिमिटेड आफ्नो गन्तव्यमा अगाडि बढिरहेको छ ।

निरन्तररुपमा सुधारको दिशामा सफलता हासिल गर्दै अघि बढिरहेको नेपाल बैङ्क लिमिटेड सुधार कार्यक्रमको पहिलो चरणको पूँजी बृद्धि गर्ने, नकारात्मक रिजर्भ हटाउने, पूँजीकोषको अनुपात वान्छित बनाउने, निष्कृय कर्जाको अनुपात ५ प्रतिशत भन्दा तल झार्ने जस्ता उद्देश्य बमोजिम सफलतापूर्वक कार्य सम्पन्न गर्दै दोस्रो चरणको सुधार कार्यक्रमा प्रवेश गरको यस बैङ्कले निरन्तर नाफा कमाउँदै बैकिङ्ग प्रतिस्पर्धामा आफूलाई खरो उतार्दै लगातार नाफामा गिरावट आइरहेको बैकिङ्ग क्षेत्रमा आफूलाई नाफाकै हिसावले अव्वल नम्वर कायम गर्नसक्नु निश्चय नै स्वागतयोग्य कदम हो । यद्यपि बैङ्कभित्र देखिएका बिकृति विसंगतिहरूलाई चिर्न नसक्नु, बैङ्क विकासका अभिन्न अंगहरू ग्राहक, कर्मचारीवर्ग र शेयरहोल्डर सबैलाई समेट्ने, आकर्षित गर्ने, उत्प्रेरित गर्ने जस्ता वातावरण बन्न नसक्नुका कारण बैङ्क विकासको प्रत्यक्ष अनुभूति गर्न सकेका छैनन् । अतः यसतर्फ पनि आवश्यक कार्ययोजना बनाई अघि बढेमा बैकिङ्ग क्षेत्रमा निर्विवाद रुपमा नेपाल बैङ्क नमुनाको अब्वल बैङ्क बन्ने निश्चित छ ।

बैङ्क विकास हामी सबैको विकास भएकोले यसको उत्तरोत्तर प्रगतिको कामना गर्दै नेपालीहरूको महान चाड तिहार-२०७४, न्हू दँ नेपाल सम्वत-११३८ र छठ पर्व २०७४ को मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## नेपाल बैङ्क कर्मचारी युनियनको केन्द्रीय बैठक सम्पन्न

नेपाल बैङ्क कर्मचारी युनियन दोस्रो केन्द्रीय समितिको बैठक मिति २०७४ भाद्र २१ गते सम्पन्न भयो ।

सो बैठकबाट सचिवालयका विभिन्न निर्णयहरूको अनुमोदन, युनियन नविकरण कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण कर्मचारीवर्ग, शुभेच्छुकहरूप्रति कृतज्ञता ज्ञापन, पदाधिकारी तथा केन्द्रीय सदस्यहरूलाई एनडिफण्डका महासचिवद्वारा शपथ ग्रहण कार्य सम्पन्न भएको छ ।

सोही बैठकबाट नेपालीहरूको महान चाड तिहार तथा न्हुँ दँ ने.सं.११३८ को उपलक्ष्यमा बृहत जलपान कार्यक्रमको आयोजना, नेवियु बुलेटिनको नयाँ अङ्क प्रकाशनलगायत अन्य महत्वपूर्ण निर्णयहरू गरेको थियो ।

बैठकमा यस युनियन आवद्ध एनडिफन्टका केन्द्रीय महासचिव, केन्द्रीय सचिव,केन्द्रीय सदस्यहरू तथा युनियनका पूर्व पदाधिकारीहरू समेतको सहभागिता रहेको थियो ।

सोही बैठकमा आतिथ्यता गर्नुभएका एनडिफन्टका महासचिव हिक्मतजंग भण्डारीले प्रशिक्षणात्मक मन्तव्य दिनुभएको थियो भने एनडिफण्डका केन्द्रीय सचिव एवं यस युनियनका पूर्व अध्यक्ष प्रकाशलाल जोशीले पनि मन्तव्य सहित संगठन सुदृढिकरणका विषयमा महत्वपूर्ण सुझाव दिनुभएको थियो ।

## युनियनको नयाँ कार्य समिति

नेपाल बैङ्क कर्मचारी युनियनले आयोजना गरेको बृहत भेलाबाट रमेशकुमार श्रेष्ठको अध्यक्षतामा ३९ सदस्यीय नयाँ कार्यसमितिको गठन भएको छ ।

---

***नेपाल बैङ्क लिमिटेडको चुक्ता पूँजी...***

वि.सं. १९९४ सालमा स्थापित भई आठ दशकयता नेपालको आर्थिक, सामाजिक विकासमा अविच्छिन्न रुपमा संलग्न रहिआएको यस बैङ्कमा नेपाल सरकारको ६२.५५ प्रतिशत स्वामित्व रहेको छ। यस बैङ्कले हाल ८४ अर्व निक्षेप संकलन गरी ७४ अर्व कर्जा प्रवाह गरेको छ।

देशका ५३ जिल्लामा १३२ शाखा कार्यालय ८ एक्सटेन्सन काउन्टरको कार्यसञ्जाल मार्फत जनतालाई इ-बैकिङ्ग, मोबाईल बैकिङ्गलगायतका अनलाईन बैकिङ्ग से वा उपलब्ध गराईरहेको यस बैङ्कका ४७ स्थानमा आफ्नै एटिएम सेवाविन्दु रहेका छन् ।

(साभार-नेपाल बैङ्क समाचार-२०७४ असार अङ्क)

---

***नेपाल बैङ्क कर्मचारी युनियन ...***

नेपालको प्रचलित श्रम ऐन अनुसार युनियन नविकरण गर्ने सिलसिलामा यस युनियन पनि २०७४ साउनमा पुनः नविकरण कार्य सम्पन्न भईसकेकोले युनियनबाट विज्ञप्ती मार्फत सम्पूर्ण कर्मचारीवर्गलाई कृतज्ञता ज्ञापन गरिएको छ । यसै सन्दर्भमा मिति २०७४ साउन १७ गते उपत्यकामा रहेका यस युनियनका पदाधिकारी तथा सदस्यहरू, एनडिफन्टका पदाधिकारी तथा सदस्यहरू र युनियनका पूर्व पदाधिकारी तथा सदस्यहरू समेतको भेला गराई सचिवालयबाट सोबारे बिस्तृतरुपमा जानकारी गराईएको थियो ।

# मौद्रिक नीति उद्धेश्य, परिकल्पना र आवश्यकता



लक्ष्मीप्रसाद मैनाली
(अधिवक्ता)
mainalilaxm7@gmail.com

## परिचय

सामान्य रुपमा भन्नुपर्दा मुद्राप्रदाय (मुद्रा आपूर्ति) नियन्त्रण गर्नको लागि बनाइने नीति मौद्रिक नीति हो । मौद्रिक नीति कुनै पनि मुलुकको केन्द्रीय बैंङ्कले निर्माण गर्दछ । नेपालमा पनि नेपाल राष्ट्र बैङ्कले मौद्रिक नीति बनाउँदै आएको छ । मानिससँग आवश्यकताभन्दा बढी पैसा भएको अवस्थामा बजार मूल्य बढ्ने हुँदा मागअनुसारको मात्रै मुद्रा आपूर्ति गर्नका लागि मौद्रिक नीति बनाइन्छ । बजारमा मुद्रा आपूर्ति बढी भयो भने महँगी बढ्न जान्छ । उदाहरणको लागि यदि रामसँग आवश्यकताभन्दा बढी सम्पत्ति छ भने उसले आफूले मन परेको कुरा किन्नको लागि जति नै तिर्नुपरे पनि तयार हुन्छ । यसरी सबै धनाढ्यले बढी मूल्य तिरेर सामान किन्दाकिन्दै बजार भाउ नै सोही अनुसार कायम हुन गई स्वतः मूल्यवृद्धि हुन्छ । यस्तो समस्या नआओस् भन्नाका खातिर नेपाल राष्ट्र बैङ्कले सिमीत मात्रामा मात्रै बजारमा रकम पठाउँछ । यसरी मुद्राप्रदाय नियन्त्रणमा रहँदा मुल्यवृद्धि नियन्त्रणमा रहने र अन्ततः मुद्रास्फिती व्यवस्थापन हुने हुन्छ । यी कुराहरूको नियन्त्रण र नियमन नीतिगत तवरले गर्नका लागि नेपाल राष्ट्र बैङ्कले हरेक आर्थिक वर्षको सुरुवातमा मौद्रिक नीति ल्याउने गर्दछ ।

मौद्रिक नीति केन्द्रीय बैङ्कले जारी गर्ने एक मात्र नीति हो, जसभित्र वित्तीय नीति र विदेशी विनिमय नीति समावेश गरिएको हुन्छ । वित्तीय नीति अन्तर्गत नेपाल राष्ट्र बैङ्कको मातहतमा रहेका बैङ्क तथा वित्तीय संस्थाहरूको नियमनसम्बन्धि नीति पर्दछ । यस्ता नीतिहरू समयको माग र आवश्यकताअनुसार परिवर्तन गर्दै जानुपर्ने भएकाले राष्ट्र बैङ्कले हरेक वर्ष आवश्यक परिमार्जन सहितको नीति ल्याउने गर्दछ । हाल नेपाल राष्ट्र बैङ्कले नियम गर्ने बैङ्क तथा वित्तीय संस्थालाई क, ख, ग र घ गरी चार भागमा विभाजन गरिएको छ । क वर्गका बैङ्कहरू वाणिज्य बैङ्कहरू हुन् । नेपालमा हाल २९ वटा वाणिज्य बैङ्कहरू रहेका छन् । त्यस्तै, ख वर्गका बैङ्कहरू विकास बैङ्कहरू हुन् । विकास बैङ्कलाई पनि राष्ट्रियस्तरका, १० जिल्ले, ३ जिल्ले र १ जिल्ले गरी ४ भागमा वर्गीकरण गरिएको छ । त्यस्तै, ग वर्गका बैङ्कहरू फाइनान्स कम्पनीहरू हुन् भने घ वर्गका बैङ्कहरू लघुवित्त बैङ्कहरू हुन् । यसरी, ससानादेखि ठूलो पुँजीसम्मको कारोबार गर्ने वित्तीय संस्थाहरूको नियमन गर्नका लागि मौद्रिक नीति बनाइन्छ ।

## मौद्रिक नीतिको प्रमुख उद्देश्य र यसको परिकल्पना

२०५८ सालमा नेपाल राष्ट्र बैङ्कको ऐन आएपछि प्रत्येक आर्थिक वर्षको सुरुवातमा राष्ट्र बैङ्कले मौद्रिक नीतिको तर्जुमा गर्ने गरेको छ । अहिलेको मौद्रिक नीति पनि त्यसैको निरन्तरता हो । मौद्रिक नीति एउटा समष्टिगत आर्थिक नीति हो । राष्ट्र बैङ्कले भर्खरै मात्र सार्वजनिक गरेको मौद्रिक नीति २०७२/०७३ को प्रमुख उद्देश्य भनेको मूल्य स्थिरता र बाह्य स्थिरताका अतिरिक्त वित्तीय स्थिरता कायम गर्नु रहेको छ । कर्जा, तरलता, ब्याजलगायतका क्षेत्रमा प्रभाव पारी आन्तरिक तथा बाह्य स्थिरता कायम गर्न र वित्तीय क्षेत्रलाई सुदृढीकरण गर्नको लागि मौद्रिक नीति तर्जुमा हुन्छ । यसका साथै सरकारको बजेटले लक्षित गरेको आर्थिक वृद्धिमा तरलता नभएर वा कर्जा नपाएर नकारात्मक असर नपरोस् भन्नेतर्फ पनि मौद्रिक नीति सजक रहने गर्दछ । दीर्घकालीन रुपमा वित्तीय स्थिरतालाई कायम राख्दै भविष्यमा कुनै पनि बैङ्क तथा वित्तीय संस्थाहरूमा समस्या उत्पन्न भई मौद्रिक नीति प्रसारण प्रक्रियामा नकारात्मक प्रभाव नपरोस् भन्ने अभिप्रायले अहिलेको मौद्रिक नीतिको परिकल्पना गरिएको छ । यसका अतिरिक्त ठूला-ठूला लगानीको लागि अर्थतन्त्रमा सक्षम वित्तीय संस्थाहरूको आवश्यकता छ । नेपालका बैङ्क तथा वित्तीय संस्थाहरूले विदेशी बैङ्क तथा वित्तीय संस्थाहरूसँग समेत प्रतिस्पर्धा गर्नुपर्ने स्थिति आउनसक्छ । छिमेकी देशहरूको तुलनामा हाम्रा बैङ्क तथा वित्तीय संस्थाहरूको पुँजीको स्तर कम भएको अवस्थालाई मध्यनजर गर्दै यिनीहरूको सुदृढीकरण गर्ने उद्देश्यले अहिलेको मौद्रिक नीति आएको हो ।

बैङ्क तथा वित्तीय संस्थाहरू पैसाको कारोबार गर्ने संस्था हुन् । ठूला ठूला उद्योगपतिहरूको देखि लिएर सर्वसाधारण जनतासम्म सबैको रकम बैङ्कहरूमा बचत गरिएको हुन्छ । तिनीहरूको परिचालन हुन सकेन भने बचतकर्तालाई व्याज दिन सकिँदैन । धेरै पैसा परिचालन भयो भने पनि बचतकर्ताले चाहेको समयमा रकम निकाल्न पाउँदैनन् । त्यसैले यहाँ सन्तुलनको आवश्यकता पर्दछ, जुन काम मौद्रिक नीतिले गर्छ । यसबाहेक, मूल्यवृद्धि नियन्त्रणमा मौद्रिक नीतिको मुख्य भूमिका रहन्छ । अर्थमन्त्रालयले सार्वजनिक गरेको बजेटले लिएको लक्ष्य पूरा हुने किसिमको मौद्रिक नीति ल्याउनु राष्ट्र बैङ्कको मूख्य उद्देश्य रहन्छ । यस हिसाबले मौद्रिक नीतिको सम्बन्ध बैङ्क तथा वित्तीय संस्थासँग मात्र नभई मुलुकको समग्र अर्थतन्त्रसँग पनि रहेको हुन्छ ।

मौद्रिक नीतिले बैङ्क तथा वित्तीय संस्थाहरूलाई कुन क्षेत्रमा कति न्युनतम लगानी गर्ने भनी लगानीको दायरा समेत तोकिदिएको हुन्छ । त्यस्तै, मौद्रिक नीतिले बैङ्कहरूलाई ग्रामीण भेगसम्म पुग्नैपर्ने बाध्यकारी नीति अपनाउँदा ग्रामीण भेगका जनताको पूँजी पनि परिचालन हुन गई

समग्रमा मुलुकको अर्थतन्त्रलाई फाइदा पुग्न जान्छ । मौद्रिक नीतिले लिएको पुँजी वृद्धिको योजनाले बैङ्क तथा वित्तीय संस्थाहरू सबल बनाउँदै लगेको छ । यसले बैङ्कप्रति जनताको विश्वास बढाइरहेको छ । जसको प्रत्यक्ष प्रभावस्वरुप बैङ्कमा पैसा जम्मा गर्ने जमात बढ्न पुगेको छ ।

आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीतिमा नियमन तथा सुपरिवेक्षण, वित्तीय ग्राहक संरक्षणसंग सम्बन्धित कार्यक्रम, विदेशी विनिमयसंग सम्बन्धि गरिएका व्यवस्थाहरू निम्न रहेका छन ।

## नियमन तथा सुपरिवेक्षण

- बैङ्क तथा वित्तीय संस्थाहरूले बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था बमोजिम चुक्ता पूँजी नपुगेमा विद्यमान व्यवस्था अनुरुप नगद लाभांश र बोनश शेयर वितरण एवम् शाखा विस्तारमा रोक लगाउने, निक्षेप संकलन र कर्जा प्रवाहमा सीमा तोक्ने तथा बाध्यकारी मर्जरमा लैजाने लगायतका कारबाही अगाडि बढाइने उल्लेख गरिएको छ ।
- बैङ्क तथा वित्तीय संस्था नभएका गाउँपालिकाहरूमा हालसम्म खाता नभएका नेपाली नागरिकहरूको खाता आर्थिक वर्ष २०७४/७५ भित्र खोलेमा प्रति २५०० खाता बराबर रु. १ करोड निर्ब्याजी सापटी एक वर्षको लागि प्रदान गरिनेछ ।
- संघीय संरचना अनुसार तय भएका ७४४ स्थानीय तह मध्येका बैङ्क शाखा नभएका तोकिएका स्थानीय तहमा अनिवार्य रुपमा बैङ्क शाखा खोल्ने निर्देशन दिइनेछ । यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित बैङ्कको कर्तव्य हुनेछ । निर्देशन पालना नगर्ने बैङ्कलाई नेपाल राष्ट्र बैङ्क ऐनमा भएको व्यवस्था बमोजिम आवश्यक कारबाही गरिनेछ । साथै, यस बैङ्कले सरकारी कारोवारका लागि प्रोत्साहन गर्न तोकिएका स्थानीय तहमा खोलिने शाखालाई प्रति शाखा रु. १ करोड एक वर्षको लागि निर्ब्याजी सापटी प्रदान गर्ने व्यवस्था गरिएको छ ।
- इजाजतप्राप्त “ख” तथा “ग” वर्गका बैङ्क तथा वित्तीय संस्थाहरूको कार्यक्षेत्रलाई चुक्ता पूँजीको आधारमा जिल्लागत रुपले तोक्ने गरिएकोमा सोलाई संघीय संरचना बमोजिम तोक्ने व्यवस्था मिलाइनेछ ।
- जोखिम व्यस्थापनका लागि वातावरण तथा सामाजिक जोखिम व्यवस्थापन (Environmental and Social Risk Management) सम्बन्धी निर्देशिका जारी गरिनेछ ।
- बैङ्क तथा वित्तीय संस्थाहरूबाट प्रवाह हुने अधिविकर्ष कर्जा तथा माग एवम् चालू पूँजी कर्जा सम्बन्धमा छुट्टै निर्देशन जारी गरिनेछ ।
- सर्वसाधारणले नगद बोकी आफ्नो खाता रहेको बैङ्कसम्म गई रकम जम्मा गर्नुपर्दा कारोबार लागत बढ्नुको साथै जोखिमको समेत सम्भावना रहने हुँदा बैंकिङ्ग सेवा तथा कारोबारलाई थप सरल तथा सहज बनाउन ग्राहकले जुनसुकै बैङ्क वा वित्तीय संस्थामा गई आफ्नो खाता रहेको बैङ्कमा रकम जम्मा गर्नसक्ने व्यवस्था मिलाइनेछ ।
- यस बैङ्कले तोकेको मापदण्ड पूरा गरेका राष्ट्रियस्तरका विकास बैङ्कहरूलाई स्वदेशी प्रतीतपत्रको कारोबार गर्न स्वीकृति दिने व्यवस्था मिलाइनेछ ।
- २०७४ साउन १ देखि रु. १० लाख वा सो भन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत गर्नुपर्ने व्यवस्था गरिएको छ ।
- हालसम्म रु. १० लाखभन्दा माथिको कर्जाको मात्र कर्जा सूचना दिने व्यवस्था रहेकोमा प्रत्येक कर्जाको सूचना कर्जा सूचना केन्द्रलाई उपलब्ध गराउनुपर्ने व्यवस्था गरिनेछ । रु. १० लाखभन्दा कम कर्जाको सूचना नि:शुल्क रुपमा लिनु/दिनु पर्ने व्यवस्था मिलाइनेछ ।
- कर्जा सूचना विनियमावली, २०५९ मा वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई शुल्क लिई वा नलिई कर्जा सूचना उपलब्ध गराउने भन्ने व्यवस्था रहेकोमा सम्बन्धित व्यक्ति/ऋणीलाई समेत यो सुविधा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- यस बैङ्कबाट इजाजत प्राप्त संस्थाले नियमित रुपमा कर्जा सूचना केन्द्रमा सूचना नपठाएमा त्यस्तो सूचना नपठाउने संस्थालाई कारबाही गरिनेछ ।
- नेपालको विद्यमान भुक्तानी प्रणालीलाई आधुनिकीकरण गर्न भुक्तानी तथा फछ्र्यौट ऐनको मस्यौदा तयार गरिनेछ । त्यसैगरी, National Payment Switch/Gateway स्थापनाको प्रक्रिया अगाडि बढाइनुका साथै FinTech कारोबारको अनुगमन गर्न उपयुक्त किसिमको RegTech संयन्त्रको निर्माण गरिने छ ।

## वित्तीय ग्राहक संरक्षणसंग सम्बन्धित कार्यक्रमहरू

- लघुवित्त संस्थाहरूले ग्राहकसँग सम्बन्धित विभिन्न कोषहरूलाई एकीकृत गरी कार्यविधि बनाएर मात्र त्यस्तो कोषमा रहेको रकम उपयोग गर्न सकिने व्यवस्था गरिनेछ भने लघुवित्त संस्थाको इजाजतका लागि आवेदन लिने कार्य स्थगित गरिएको छ ।
- ज्येष्ठ नागरिक, फरक ढङ्गले सक्षम र साक्षर नभएका व्यक्तिहरूलाई सहज रुपमा बैंकिङ्ग सेवा उपलब्ध गराउन प्रत्येक बैङ्क तथा वित्तीय संस्थाले त्यस्ता ग्राहकहरूलाई विशेष काउण्टर तोकी सेवा दिनुपर्ने व्यवस्था गरिनेछ । साथै, बैङ्क तथा वित्तीय संस्थाको एटीएम सेवा फरक ढङ्गले सक्षम व्यक्तिमैत्री बनाउन आवश्यक व्यवस्था गरिनेछ ।
- बैङ्क तथा वित्तीय संस्थाहरूमा तोकिएको **“सूचना तथा गुनासो सुनुवाई डेस्क”** लाई थप प्रभावकारी बनाइने छ ।
- बैङ्क तथा वित्तीय संस्थाहरूले मुद्दती निक्षेप खाता खोल्ने ग्राहकलाई सो मुद्दती निक्षेप रसीदको धितोमा कर्जा प्रदान गर्दा खाता खोल्दाकै वखत कर्जामा लाग्ने ब्याजदर तय गर्नुपर्ने र यसरी तय भएको ब्याजदरभन्दा बढी लिन नपाइने व्यवस्था गरिनेछ ।
- हाल बैङ्क तथा वित्तीय संस्थाहरूले कर्जा प्रवाह गर्ने प्रयोजनका लागि ऋणीबाट लिने धितो सम्पत्तिको मूल्याङ्कन, धितो सकार र धितो लिलामी गर्ने सम्बन्धमा आवश्यक मापदण्ड तयार गरिनेछ । अब म विदेशी विनिमयसंग सम्बन्धित व्यवस्थाहरूको उल्लेख गर्न चाहन्छु ।

## विदेशी विनिमयसंग सम्बन्धित व्यवस्थाहरू

- विदेशी सेवा प्रदायकहरूबाट नेपालभित्र हुने इलेक्ट्रोनिक कार्ड कारोबारको

फर्छ्यौट नेपालमै गरी खुद रकममात्र भुक्तानी हुने व्यवस्था मिलाइने छ ।

- निश्चित मापदण्ड पूरा गरेका इजाजतप्राप्त संस्थाहरूलाई प्वाइन्ट अफ सेल (PoS) मार्फत् सटही दिनसक्ने तथा आफ्नो सेवाको भुक्तानी लिन सक्ने व्यवस्था गरिनेछ ।
- होटलमा बस्ने आफ्ना ग्राहकलाई आवश्यक परेमा प्रतिग्राहक अधिकतम ३०० अमेरिकी डलर बराबरसम्म सटही दिन सक्ने व्यवस्था गरिनेछ ।
- विरामी बाहेक अन्य विभिन्न प्रयोजनको लागि भारत जाँदा भा.रु. ५० हजारभन्दा बढीको सटही सुविधा लिनुपर्दा अनिवार्य रुपमा कार्ड वा बैंकिङ्ग उपकरणमार्फत सटही प्रदान गर्ने व्यवस्था गरिनेछ ।
- नेपाली नागरिक, फर्म तथा संस्थाहरूले आफ्नो व्यवसाय गर्न वा भइरहेको व्यवसाय विस्तार गर्न यस बैङ्कको पूर्व स्वीकृति लिई विदेशमा रहेका आफ्ना नातेदार, अन्य व्यक्ति, गैर-आवासीय नेपाली वा संघ संस्थाबाट बैङ्कले तोकेको शर्तको अधिनमा रही अमेरिकी डलर २ लाखसम्म ऋण लिने व्यवस्था रहेकोमा सोलाई वृद्धि गरी अमेरिकी डलर ५ लाखसम्म र भारतको हकमा ५ करोड भारतीय रुपैयाँसम्म ऋण लिन सक्ने व्यवस्था गरिनेछ ।
- नेपालमा सञ्चालन भइरहेका विभिन्न पूर्वाधार विकास निर्माणका आयोजनाहरूले आयोजना निर्माणका क्रममा चालू खर्चलाई धान्न अल्पकालीन सुविधा (Short Term Advances) आवश्यक परी विदेशबाट ल्याउनुपर्ने भएमा त्यस्तो ऋण सहज रुपमा लिन सक्ने व्यवस्था गरिनेछ ।
- विदेशी लगानीकर्ताहरूलाई लाभांश फिर्ता लैजाने वर्तमान व्यवस्थामा सरलीकरण गर्दै जाने नीति लिइनेछ । यसअन्तर्गत वार्षिक रु. १० करोडसम्मको लाभांश वितरण गर्ने फर्म, कम्पनी, संस्थाहरूले तोकिएको कागजात पेश गरी वाणिज्य बैङ्क मार्फत सोझै सटही पाउनसक्ने व्यवस्था गरिनेछ ।
- हवाईजहाज, दूरसंचारका पार्टपूर्जा तथा मेडिकल इक्विपमेन्टका पार्टपूर्जा आधिकारिक एजेन्ट मार्फत तत्कालै विदेशबाट मगाउनुपरेमा अमेरिकी डलर १० हजारसम्मका सामानहरू बिक्रेताले उधारोमा पठाइदिएमा त्यस्ता सामान नियमानुसार भन्सार जाँच पास भई आएको ९० दिनभित्र कागजातका आधारमा भुक्तानी पठाउन सकिने व्यवस्था गरिनेछ ।

## निश्कर्ष

विगतदेखि वर्तमानसम्मलाई नियाल्ने हो भने अहिले आएर बैङ्क तथा वित्तीय संस्थाको प्रभावकारीतामा उच्च वृद्धि भएको छ । विगतको करिव दश पन्ध्र वर्ष अघि नेपालमा बैंङ्कहरूको संख्या पनि कम रहेको र जनस्तरमा वैकिङ्ग सेवा पनि पुग्न नसकेका कारण मानिसहरू बैंकिङ कारोबार सम्वन्धी प्रसस्त ज्ञान पनि थिएन र अहिलेको जस्तो बजारमा रकमको चलखेल पनि नभएका कारण सुस्त रहेको वैकिङ सेवाले अहिले आएर ठूलो फड्को मारेको छ । त्यसैगरी अहिले आर्थिक समृद्धिको मूल नारा सहित अघि बढेको देश र सँगै फरक फरक ढङ्गको व्यवसाय मार्फत प्रसस्त आम्दानी गरेका मानिसहरूका लागि बैङ्क एउटा सुरक्षित ढिकुटीको रुपमा सावित भएको छ । अहिले ६० प्रतिशतभन्दा बढी नेपालीहरू बैंकिङ सेवा मार्फत लाभान्वित भएका छन ।

मौद्रिक नीति बैङ्क तथा वित्तीय संस्थाहरूलाई नियन्त्रण र नियमन गर्नका लागि साथै हरेक क्षेत्रमा न्युनतम लगानीको मापदण्ड निर्धारण गर्दै हरेक बैङ्क तथा वित्तीय संस्थाहरूलाई देशका ग्रामीण भेगसम्म सेवाको विस्तार गर्नका लागि नीति ल्याई स्थापना गरी जनताको रकम परिचालन गरी सिंगो देशको अर्थतन्त्रलाई मजबुत बनाउनका लागि महत्वपूर्ण भूमिका रहन जान्छ । मौद्रिक नीतिका हरेक योजनाले बैङ्क तथा वित्तीय संस्थाहरू थप सबल र सुदृढ बनाउँदै लगेको छ । जसकारण बैङ्क र वित्तीय संस्थाहरूप्रति सर्वसाधारणको थप विश्वास बढ्दै गएकोछ । जसको प्रभावले बैङ्क तथा वित्तीय संस्थाहरू आफू पनि समृद्ध भई देश र जनताको हितमा समेत योजना ल्याउन थालेका छन । जुन आर्थिक क्षेत्रमा देशले मारेको ठूलो फड्को रुपमा पनि हेर्ने गरिन्छ ।

## सन्दर्भ सामाग्री


- बैङ्क तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०६३
- आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीति



BANGLAMUKHI CATERING
&
RENTAL SERVICE
Jyabahal -21, Kathmandu
Ph.: 4215527



Prakash Kumar Rajbhandari
Mobile: 9851006739
All Kinds of Party Events & Catering (Full/Half) with Tent House.

बडा दशैं, तिहार तथा छठ पर्वको
हार्दिक मंगलमय शुभकामना
शिवराम ४-२६०२५३
शिवहरी ४-२६००५७
बागमती स्वीट्स
गणेश मन्दिर पछाडि, त्रिपुरेश्वर, काठमाडौं
विभिन्न समारोहका लागि मिठाई तथा नमकीनहरू चाहिएमा हामीलाई सम्झनुहोस्

# पैसाको व्यापार



अश्विन पुडासैनी
**प्रवन्धक, नेबैलि**

टका अर्थात पैसा । वाल्यकालमा पैसाको महत्वबारे पाका मान्छेहरू दोहोऱ्याइरहन्थे । उनीहरूबाट वारम्वार सुनिएका हरफहरू हुन् -'टका धर्म, टका कर्म, टकास्यै परमं सुखम् । यश्य पास टका नास्ती हा टका एत् टक् टका !'

अर्थात पैसा भएमा धर्म कर्म (उद्यम, सुख सुविधा सबै पाउन सकिन्छ । जोसँग पैसा छैन उ टक्टकिएर भाग्नुको विकल्प नै छैन !

पैसाको महत्व दर्शाउने संस्कृतको अर्को श्लोक पनि त्यत्तिकै अर्थपूर्ण छ- *योगी योग बशा, तपे तप बशा, विद्याबशा पंडिता । दानी दान बशा, नृपेस्थिति बशा । द्रव्यशु सर्बे बशा ।* अर्थात्, योग योगीको बशमा हुन्छ । तप तवस्वीको बशमा हुन्छ । विद्या पढ्नेको बशमा हुन्छ । समाजको थिति राजनेताको बशमा हुन्छ र, यी सबै चाहिं द्रव्य अर्थात् पैसाको बशमा हुन्छन् !

## नेपालमा पहिलो सिक्का मानाङ्क

नेपालमा पैसाको ईतिहास हेर्ने हो भने इस्वी सम्बतको पाँचौ शताब्दीमा लिच्छवी राजा मानदेवले प्रचलनमा ल्याएको पहिलो सिक्का 'मानाङ्क' नै नेपाली इतिहासको पहिलो पैसा हो । लिच्छवीकालिन सिक्काहरू सबै जसो तामाका हुन्थे । पछि पछि भने सुन र चाँदीका सिक्काहरू समेत प्रचलनमा आएका थिए ।

नेपालमा पैसा भनी लेखिएका सिक्काहरू भने बि.सं.१९७५साल ताका देखि मात्रै प्रचलनमा आएको कुरा प्रचलित मुद्रा एवं कागजी नोट तथा हुलाक टिकट संकलक नेपाल फिलाटेलिक सोसाइटीका सदस्य जयहरि झाद्धारा लिखित, 'नेपालमा कागजी मुद्रा एक समीक्षा' विषयक बिसं.२०५८ मा प्रकाशित पुस्तकमा उल्लेख गरिएको छ । त्यस यता प्रचलनमा आएका सिक्काहरूमा पैसा भनी लेखिएको पाईन्छ । त्यसैगरी बि.सं.१९८९सालमा पैसाको साथ साथै चाँदीका सिक्कामा रुपैयाँ भन्ने मापन उल्लेख गरिएको पाईन्छ ।


## नेपालमा पहिलो कागजी नोट

नेपालमा बिं.सं.२००२ साल असोज १ गते देखि सोमबार पहिलो नेपाली कागजी मुद्रा प्रचलनमा आएको हो । तात्कालिन राणा प्रधानमन्त्री जुद्ध शमशेरको पहलमा रुपैयाँ पाँच, दश र एकसय दरका नोटहरू निश्काशन गरिएको जयहरि झाको पुस्तकमा उल्लेख छ। पहिलो नेपाली नोटहरूमा खजाञ्ची गुरु पुरोहित जनकराज पण्डितको दस्तखत रहेको छ । त्यसपछि नेपाली नोटमा दोश्रो खजाञ्ची पण्डित भरतराज पाण्डेको दस्तखत रहेको छ भने पहिलो रुपैयाँ १ दरको नोटमा तेश्रो वा अन्तिम खचाञ्ची पण्डित नरेन्द्रराज पाण्डेको हस्ताक्षर रहेको छ ।

## गभर्नरको हस्ताक्षरमा नोट

बि.सं.२०१३ साल बैशाख १४ गते नेपाल राष्ट्र बैंङ्कको स्थापना भए पश्चात् नेपाली नोटमा गभर्नरको हस्ताक्षर हुन थालेको हो ।

पहिलो गभर्नरको रुपमा हिमालय शमशेर जबराले नेपाली नोटमा हस्ताक्षर गर्नु भएको थियो । नेपालमा हाल रुपैयाँ एक, दुई, पाँच, दश, बीस, पच्चिस, पचास, एकसय, दुईसयपचास, पाँचसय र एकहजार गरी विभिन्न एघार दरका नोटहरू निश्काशन भएका छन् । रुपैयाँ एक, दुई, पच्चिस दुईसय पचास दरका नोट पुनः निष्काशन नहुने नेपाल राष्ट्र बैंङ्कले जनाएको छ ।



## शुरुका रुपैयाँ मोरु

शुरुमा नेपाली नोटलाई मोरु भनि लेखिने गरिएको थियो । अहिले रुपैयाँ भनि लेखिन्छ । ऐतिहासिक प्रसंग उल्लेख गर्दै पहिलो गभर्नर हिमालय समशेर भन्नु हुन्छ 'त्यसताका भारतमा अंग्रेजहरूको शासनको अबस्थामा ईष्ट ईण्डिया कम्पनीले कागजी नोट रुपैयाँ प्रचलनमा ल्याएकोले कम्रु भनी छापिन्थ्यो । नेपालमा नेपाली सिक्का टक मोहर रुपैयाँ चल्तिमा रहेकोमा त्यसको साटोमा नेपाली नोट चलन चल्तिमा ल्याउँदा मोहर रुपैयाँको छोटकरी मोरु भनि नेपाली नोटमा छापिएको हुनुपर्छ ।'

## पहिलो बैंङ्क नेपाल बैंङ्क ८१ बर्षमा

जतिखेर देशमा सिक्काको मात्रै प्रचन थियो त्यस समयमा बैङ्कमा लगेर पैसा जम्मा गर्नु पत्यारलाग्दो कुरा थिएन । सर्वसाधारण जनताले बैङ्कलाई कसरी बुझ्ने ? बैङ्क कस्तो अबस्थामा स्थापना भएको थियो भन्ने जिज्ञासा आम पाठकको कौतुहलको विषय हुन सक्छ । तसर्थ, नेपाल बैङ्क स्थापनाको प्रसङ्ग यहाँ चर्चा गरिन्छ ।




नेपालमा देशको आफ्नो नोट निश्कासन नै नहुँदाको अबस्थामा समेत जनताको पैसा निक्षेपको रुपमा राख्ने र जनतालाई व्यापार व्यवसायको निमित्त आबश्यक ऋण सापटि दिने संस्थाको रुपमा बि.सं १९९४ कार्तिक ३० गते सोमबार नेपाल बैङ्क लिमिटेड स्थापना भएको थियो । प्रधानमन्त्री जुद्ध शमशेरको सक्रियतामा तत्कालिन राजा त्रिभुवनले नेपाल बैङ्कको उद्घाटन गरेका हुन् ।

देशकै पहिलो बैङ्क ८१ वर्षमा प्रवेश गर्दैछ । तात्कालिन राणा प्रधानमन्त्री जुद्ध शमशेरको शासनकालमा सन् १९९४ को नेपाल बैङ्क कानुन जारी गर्दै उल्लेख गरिएको छ, *'नेपालमा आजसम्म बैङ्क नभएको हुनाले मुलुकको आर्थिक उन्नतिमा वाधा र जनतालाई बेसुविस्तार भैरहेको हुँदा सो अभाव पूर्ति हुन गई दुनियाँलाई सुविस्ता र मुलुकको बढिया हुन जावस् भन्ने उद्धेश्यले बैङ्क स्थापित गरी चालु गर्ना निमित्त नेपाल बैङ्क कानुन जारी भएको छ ।'* यसरी कानून जारी गरी बैङ्क स्थापना गरिएको थियो ।

## जुद्ध शमशेर र गुञ्जमान सिंहको योगदान

बेलायतस्थित नेपाली दुताबासमा प्रथम सचिव भई काम गरेका गुञ्जमान सिंहको समेत नेपाल बैङ्क स्थापना गर्नमा ठूलो योगदान रहेको प्रथम गभर्नर हिमालय शमशेर बताउनुहुन्छ । गुञ्जमानसिंहले बेलायत बस्दा सिकेको अनुभबको आधारमा देशको आर्थिक विकास गर्नमा व्यापार व्यावसाय बढाउन र जनतालाई सुविधा दिन बैङ्क स्थापना गर्नुपर्छ भन्ने कुरा राणा प्रधानमन्त्रीलाई कन्भीन्स गरी बैङ्क खुलाउनमा योगदान गरेका हुन् । नेपाल बैङ्क स्थापना गर्नमा गुञ्जमानको ठूलो योगदान रहेको छ ।

## सरकार र नीजि क्षेत्रको साझेदारी

स्थापनाको समयमा बैङ्कमा ४० प्रतिशत नेपाल सरकारको र राणाजीहरू र व्यापारीक घरानाहरूको गरी प्राईभेट ६० प्रतिशत शेयर हिस्सा रहेको थियो । शुरुमा राणाजीहरू र व्यापारी घरानाहरूले बैङ्कमा पैसा जम्मा गरी कारोबार गर्ने गरेका थिए ।

सर्बसाधारण जनताको पहुँच विस्तारै बढ्दै गएको देखिन्छ । प्रथम गभर्नर हिमालय शमशेर भन्नु हुन्छ 'जुद्धशमशेरले आफ्नै पैसा र राणाजीहरूलाई, घरानीयाहरूलाई पैसा जम्मा गर्न लगाई निक्षेप जम्मागरि व्यापारीहरूलाई बैङ्क प्रति सर्वसाधारणहरूको विश्वास बढाएका थिए ।

सर्बसाधारण नागरिकसँग त्यस बखत धेरै पैसा नै हुँदैनथ्यो । पहिले नेपालबाट नेपालकै अर्को स्थानमा पुग्न भारत भएर रेल चढेर जानुपर्ने अबस्थामा बैङ्क खुलेकोले बैङ्कमा सर्वसाधारणको पहुँच पनि गाह्रो थियो । विराटनगर र बीरगञ्जमा बैङ्कको शाखा खुलेपछि व्यापारीहरूले बैङ्कसँग कारोबार गर्दै बैंकिङ्ग कारोबार बढेको हो ।

## एक करोडको पूँजी ८०४ करोड पुग्यो

कुल एक करोड अधिकृत पूँजीमा स्थापित नेपाल बैङ्कमा रु.२५लाख जारी पूँजी र ८ लाख ४२ हजार चुक्त पूँजी रहेको थियो । अहिले नेपाल बैङ्कको शेयर पूँजी ८ अर्ब ४ करोड पुगेको छ । जसमा नेपाल सरकारको ६२.२१प्रतिशत र सर्वसाधारणको ३७.७९ प्रतिशत शेयर हिस्सा रहेको छ ।

बैङ्कमा ९२ अर्ब ७२ करोड निक्षेपसंकलन तथा ७३ अर्ब ६९ करोड कर्जा प्रवाह भएकोछ । १२ लाख ग्राहकहरूलाई नेपालभर १३२ शाखाबाट सेवा दिईरहेको छ ।

## १२ जना कर्मचारीबाट बैङ्क शुरु

डाईरेक्टर जनरल बहादुर शमशेर राणाको नेतृत्वमा ६सदस्यीय सञ्चालक समिति गठनभई बैङ्क सञ्चालनमा आएको थियो । नेपाल बैङ्क स्थापना हुँदा १२ जना कर्मचारीबाट बैङ्क सञ्चालन भएको थियो । बैङ्कको कर्मचारी संख्या कुनै समयमा ८ हजारको हाराहारीमा पुगेका थियो भने हाल २०२० कर्मचारी कार्यरत छन् ।

## देशभर नेपाली मुद्रा चलाउने बैङ्क

नेपालमा धेरै लामो समय भारतीय रुपैंया चलन चल्तीमा रहेको थियो । नेपाल बैङ्क स्थापना हुँदा नेपालमा समेत नेपाली रुपैयाँ थिएन । २००२ सालमा नेपाली रुपैयाँ प्रचलनमा आएपछि पनि तराई क्षेत्रमा भने भारतीय रुपैँया नै चलन चल्तिमा रहेको थियो ।

नेपाली मुद्राको देशभर प्रचलनमा ल्याउनमा नेपाल बैङ्कको ठूलो योगदान रहेको छ, राणाले जानकारी दिदै भन्नुभयो, हामीले २०१३सालमा राष्ट्र बैङ्क स्थापना गर्दा नेपाली नोट निश्काशन गर्ने, नेपाली र भारतीय रुपैयाँको सटहीदरमा स्थिरता कायम गर्नुका साथै नेपालभर नेपाली मुद्रा प्रचलनमा ल्याउने भन्ने थियो । तै पनि नेपालको तराई क्षेत्रमा भने भारतीय रुपैयाँ मात्र प्रचलनमा थियो ।

## बीपीको घोषणा नेपाली नोट मात्र बैधानिक

प्रथम अर्थ सचिव एवं प्रथम गभर्नर हिमालय शमशेर ऐतिहासिक क्षण सम्झदै भन्नुहुन्छ, जब २०१६ साल चैत्र मसान्तको दिन तात्कालीन प्रधानमन्त्री बीपी कोईरालाले (अर्थमन्त्री सुवर्णशमशेर देश बाहिर जानुभएकोले) अर्थमन्त्रीको समेत जिम्मेवारी सम्हाल्नु भएको थियो) घोषणा गर्नुभयो- भोली बैंशाख १गते देखि नेपाली रुपैयाँ मात्र कानुनी ग्राह्यता हुन्छ । सबैठाउँमा सर्व सुलभ तरिकाले नेरु र भारु सटही सुविधा उपलब्ध हुन्छ ।

*बाँकी पृष्ठ १३ मा*

# नेपाल बैङ्क संग्रहालय बन्नुपर्दछ


## निर्मलकुमार बराल
**पूर्व नायव महाप्रवन्धक ने.बै.लि.**




*(यस अङ्कमा हामीले नेपाल बैङ्क लिमिटेडको पूर्व नायव महाप्रवन्धक श्री निर्मलकुमार बरालसँग बैङ्क विकास, व्यवस्थापन, कर्मचारी सेवा र उहाँले बैङ्क सेवामा बिताउनुभएको लामो अनुभव जस्ता विषयको सेरोफेरोमा रहेर लिईएको अन्तरवार्तालाई पाठक समक्ष प्रस्तुत गरेका छौं । (सं. )*

*नाम : निर्मलकुमार बराल*
*ठेगाना : ललितपुर महानगरपालिका वडा नं ३, ठाडोढुङ्गा, धोविघाट ।*
*जन्म मिति : वि.सं.२०१५ साल*
*शिक्षा : एम.वि.ए. (त्रिविवि)*
*बैङ्क प्रवेश मिति : वि.सं.२०४० मार्ग १३ गते*
*बैङ्क सेवा प्रवेश गर्दाको पद : कार्यसहायक (चौथो)*
*सेवा अवधिमा पदोन्नति भएका पदहरू (साल सहित):*

*सुपरिक्षक,अधिकृत पञ्चम हालको सहायक प्रवन्धक) खुल्ला प्रतियोगिताबाट २०४२/०५/०१*

*सहायक प्रवन्धक, अधिकृत चतुर्थ (हालको उप-प्रवन्धक) आन्तरिक प्रतियोगिताबाट २०४९/११/०९*

*उपप्रवन्धक, अधिकृत तृतीय (हालको प्रवन्धक), सहायक प्रवन्धकबाट सोझै प्रवन्धक पदमा पदोन्नति भएको ।*

*प्रवन्धक, अधिकृत द्वितीय (हालको वरिष्ठ प्रवन्धक) खुल्ला प्रतियोगिताबाट २०५३ मार्ग २ गते*

*मुख्य प्रवन्धक (आन्तरिक बढुवा) २०६१ माघ ९ गते*

*नायव महाप्रवन्धक (आन्तरिक बढुवा) २०६८ माघ ९ गते*

*बैङ्क सेवाबाट अवकास प्राप्त मिति : वि.सं. २०६९ मार्ग ५ गते*
*रुचि : फूलवारी, प्राविधिक कार्य, अध्ययन तथा संगीत*
*भाषा ज्ञान : मातृभाषा नेपाली, अंग्रेजी, हिन्दी, भोजपुरी*
*भ्रमण : भारत,बंगलादेश, हङ्कङ्ग, युएइ (दुवई), पाकिस्तान*
*सम्मान : ने.बै.लि. प्रशंसापत्र, दीर्घसेवा प्रशंसापत्र*
*पारिवारीक स्थिति : सामान्य*
*बैकिङ्ग अनुभव : २९ वर्ष*
*पिताको नाम : कमलकुमार शर्मा बराल (स्व.)*
*माताको नाम : सुमित्रादेवी बराल*
*पत्निको नाम : श्रीमती दिव्या बराल*
*हालको ठेगाना : ललितपुर महानगरपालिका वडा नं ३, ठाडोढुङ्गा, धोविघाट ।*

**नेबियु सन्देश :** ***नमस्कार बरालजी, नेपाल बैङ्कको सेवा निवृत्ति पछि आफ्नो अनुभवलाई सदुपयोग गर्दै तपाईंको दिन कसरी बितिरहेछ ?***

**उत्तर :** बैङ्कमा २९ वर्ष सेवा बिताई २०६९ मार्गमा अवकास भएँ । बैकिङ्ग क्षेत्रको सेवा मेरो लागि साह्रै मननिय रह्यो । धेरै समयमा माथिल्लो माथिल्लो पदमा जान सफल हुनु मेरो लागि सन्तोषको कुरो रह्यो भने कामको दौरान सबैबाट सहयोग पाएँ । आफूले पनि सबैलाई सक्दो सहयोग गरें । काममा कतैबाट कुनै अप्ठ्याराहरू आईपरेनन् । समग्रमा बैंकिङ्ग सेवाको अनुभव राम्रो रह्यो । आजभोलि भने सामान्य जीवन बिताइरहेको छुँ ।

**नेबियु सन्देश :** ***नेपाल बैङ्क लिमिटेडमा कार्यरत रहँदा तपाईसंग शाखाको अनुभव, प्रधान कार्यालय तथा बैकिङ्ग अफिसमा रहँदा विभिन्न विभागको अनुभव हासिल गर्दै बैङ्कको गरिमामय पद नायव महाप्रवन्धकसम्म आईपुग्दा के कति भिन्नता पाउनुभयो र जिम्मेबारी बहन गर्ने सिलसिलामा के कस्ता समस्या अनि कठिनाईहरू भोग्नुपऱ्यो ? कृपया विस्तारपूर्वक बताईदिनुहुन्छ कि ?***


**उत्तर :** बैकिङ्ग सेवा अन्तर्गत मैले सवेला उप-शाखा, सिटी अफिस हेटौडा, सिटी अफिस विराटनगर तथा कान्तिपथ शाखाहरूमा काम गर्ने अवसर पाएँ । यसरी ती शाखाहरूमा काम गर्ने क्रममा सर्वप्रथम सवेला उपशाखा धनुषामा सेवा प्रवेश गरी कार्य प्रारम्भ गरेको हुँ । बैङ्क सेवा अघि एउटा नीजि फर्मको एकाउण्टेण्टको रुपमा कार्य गरेकोले सामान्य बैकिङ्ग तर्फका निक्षेपको चल्ति, बचत, मुद्दति, रकमान्तर आदि जस्ता कार्यबारे मलाई राम्रै जानकारी रहेको थियो । उप-शाखामा पनि मलाई सर्वप्रथम निक्षेप काउण्टरमै प्रतिस्थापन गरियो र मैले काम गर्दै गएँ । नियुक्तिको समयताका म काठमाण्डौमा स्नातकोत्तर तहको अध्ययन गरिरहेको र सोहीताका घर छोडेर बाहिर जानुपरेको कारण अध्ययनमा बाधा पर्न गएकोले म छोटो अवधि भित्र नै काठमाण्डौको कीर्तिपुर शाखामा सरुवा भई आएँ । वास्तवमा बैंकिङ्ग काम मैले सिकेको भनेको कीर्तिपुर शाखाबाटै हो । उक्त शाखामा म २०४० साल देखि २०४९ सालसम्म रहँदा कार्यसहायक पदमा

निक्षेप विभाग, कर्जा विभाग, रेमिटान्स विभाग, नगद विभागलगायत तत्कालिन संस्थापन विभाग हालको व्यवस्थान सेवा विभाग समेतमा कार्य गर्ने मौका पाई आफूलाई बैंकिङ्ग क्षेत्रमा अगाडि बनाउन सक्षम भए । सोही शाखामा नै रहँदा खुल्ला प्रतियोगितात्मक परीक्षाबाट तत्कालिन अधिकृत पञ्चम तहको सुपरिक्षक पदमा पदोन्नति भई अधिकृतको पदमा रही रातो मसी चलाउने योग्य भई कार्य गर्नथालें र विभिन्न विभागको कार्य जिम्मेवारीपूर्वक सम्हाल्दै गएँ । त्यसताका आजको जस्तो प्रविधिको विकास भएको थिएन । सामान्य क्यालकुलेटर, पुरानो एडिङ्ग मेशिन, इन्टरेष्ट क्यालकुलेशन टेवल, ल्याण्डलाइन टेलिफोन तथा नेपाल दुरसञ्चारको आकाशवाणी आ.व.नै प्रमुख थियो । सिमित स्रोत र साधनको प्रयोग पालोपालो गरी साथीभाईहरूसंग गर्नुपर्ने भएकोले काम सहजरुपमा गर्न गाह्रो हुन्थ्यो ।

कीर्तिपुर शाखामा काम गर्दागर्दै प्रधान कार्यालयको तत्कालिन फण्ड व्यवस्थापन विभागमा काम गर्ने कर्मचारीको खोजी कार्यको क्रममा मलाई प्रधान कार्यालयको फण्ड व्यवस्थापन विभाग हालको केन्द्रीय वित्त विभागमा सरुवा गरियो । सोहीताका नेपालमा विदेशी विनियम दरमा आंशिक परिवर्त्यताको व्यवस्थामा परिवर्तन भएकोले उक्त विभागको कार्य ज्यादै जटिल र चुनौतिपूर्ण थियो । त्यस्तो चुनौतिपूर्ण काम तर्फ आफूले पनि हासिल गर्ने मौका पाएँ । यसबाट मेरो बैकिंङ्ग क्यारियरमा ठूलो अनुभव थप भयो । जसले गर्दा म उक्त विभागमा रहँदा आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट तत्कालिन सहायक प्रवन्धक (अधिकृत चतुर्थ) हालको उप-प्रवन्धक पदमा पदोन्नति हुने मौका पाएँ । उक्त पदमा पदोन्नति भएपछि मलाई प्रधान कार्यालयको कर्जा विभागमा स्थानान्तरण गरियो र विशेषगरी प्रतितपत्र, परियोजनाकर्जाको काम सिकें र व्यवसायिक रुपले काम गर्नसक्ने क्षमता हासिल गरें । सोही विभागमा कार्यरत रहँदारहँदै बैङ्कमा तत्कालिन प्रवन्धक हालको वरिष्ठ प्रवन्धकमा दुइ जना र तत्कालिन उपप्रवन्धक हालको प्रवन्धक पदमा चार जना खुल्ला प्रतियोगितात्मक परीक्षाबाट पदपूर्ति गर्न विज्ञापन प्रकाशित भएपछि दुबै पदको परीक्षामा सम्मिलित भएँ । संयोगबश लिखित परीक्षामा म दुवै पदमा उतिर्ण भई दुवै पदको अन्तरवार्तामा सम्मिलित भई प्रवन्धक पदमा सफल भएँ । यो पदोन्नतिबाट म तत्कालिन सहायक प्रवन्धकबाट एकैपटक प्रवन्धक तहमा (दुई तह माथि) पुग्न सफल भएँ ।

यस सफलता बापत बैङ्कले मलाई सिटी अफिस हेटौडाको शाखा प्रवन्धकमा पदस्थापन तथा सरुवा गराई पठायो । शाखा प्रवन्धक पदको चुनौतीपूर्ण जिम्मेबारी सम्हाल्न मैले सोही शाखाबाट सिकेको हुँ । २०५३ सालको लामो ५२ दिने कर्मचारी हड्ताल अन्त्य भएको दिन २०५३ माघ २ गते म शाखामा हाजिर हुन पुगेको हुँ । शाखामा समस्या थियो थिएन मलाई पूर्व जानकारी थिएन । प्रवन्धक पदको पदोन्नतिको शर्तमै सरुवा गरिएको शाखामा हाजिर भएको दिन देखि मात्र पदोन्नति लागू हुने भएकोले शाखामा हाजिर हुन जान आलटाल गर्ने अवस्थै थिएन र यथाशिघ्र हाजिर हुन गइयो । शाखामा त गइयो तर पूर्व रुपमा सहायक शाखा प्रवन्धकसम्मको जिम्मेवारी नसम्हालेकोले कार्य कसरी अगाडि बढाउने भन्ने तर्फ सोचाई गहन रुपले हुन थाल्यो । शाखाको कर्मचारी, गतिविधि, हाउभाउ आदि र चार्जसिट तयार गर्ने अवधिभर पर्याप्त रुपमा जानकारी हासिल गरी सम्वेदनशिल भई चार्ज बुझ्ने तर्खरमा लाग्दालाग्दै पनि झण्डै ३ महिना पछि मात्र चार्ज बुझ्न सफल भएँ । शाखा छोडेर जाने शाखा प्रवन्धकले आउने शाखा प्रवन्धकलाई शाखाको नगद, जिन्सी, कर्जा फाइल, कर्जा सापट, महत्वपूर्ण नेगोसियवल इन्स्ट्रुमेन्टलगायत लेखा हरहिसाव विवरण बुझाउनु पर्थ्यो जुन आज पनि छ ।

यस्तो कार्य शाखा प्रवन्धकले आफ्नो शैक्षिक योग्यता, अनुभव, मेहनतको आधारले मात्र सम्भव छ । यो मलाई थाहा भएन के गरौं ? भन्ने प्रश्न गर्ने ठाउँ त्यहाँ हुँदैनथ्यो । तर पनि लगनशिल भई काम गर्दै जाँदा सबै सहज हुनथाल्यो । सिटी अफिस हेटौडा सरुवा भईजानु अगाडि म त सिटी अफिस हेटौडा सरुवा भए के कसरी काम गर्ने होला ? भनी नेपाल बैंकबाट अन्यत्र बैंकमा जानुभएका



*श्री निर्मलकुमार बराल आफ्नी अधाङ्गिनीका साथ*

एकजना मित्रलाई आफ्नो अभिव्यक्ति जानकारी गराउँदा वहाँले "बरालजी धन्दा नमान्नुहोस्,कुर्सीले सिकाउँछ"भन्नुभयो । वास्तवमा कुर्सीमा बसेपछि काम, कर्तव्य, दायित्व, जिम्मेवारी र अधिकार सबै जानिँदो रहेछ । त्यसमा आफ्नो मेहनत, लगन र इमान्दारीता अपरिहार्य हुने रहेछ ।

पहिलोपटक शाखा प्रवन्धक भएको कारण मुख्य रुपमा शाखा सञ्चालन सरल र नियमित रुपमा गर्नु गराउनु मुख्य कार्यलाई मैले प्राथमिकता दिएँ । यसको अलावा ग्राहक सेवा, पुराना कर्जा असुली तथा नयाँ कर्जा प्रवाहलाई मैले पहिलो प्राथमिकता दिई कार्य गर्नथाले । ग्राहकलाई शिघ्र तथा स्तरीय सेवा प्रदान गर्ने काममा कर्मचारीहरू उत्प्रेरित गर्दै घडी हेरेर मात्र सेवा दिने तर्फ भन्दा ग्राहकको आवश्यकता तर्फ बढी ध्यान दिन सल्लाह दिई बैङ्क सञ्चालन गर्न कर्मचारीहरूलाई निर्देशन दिंदा कर्मचारीहरूबाट पनि मलाई उल्लेख्य सहयोग भएको हो ।

बैङ्क भवनमै शाखा प्रवन्धकको आवास पनि रहेकोले पेन्डिङ्ग रहेका कामहरू विभागका कर्मचारीहरूले काम गर्ने क्रममा उनीहरू संगै बसी काम, कामको चाप, समस्या समाधान गर्ने तर्फ सरसल्लाह गर्ने, चिया पिउने जस्ता कार्यले कर्मचारीहरू प्रति आत्मियता बन्न गएको र शाखाको काम सहज रुपमा पूरा हुँदै गएको अनुभूतिले मनमा आनन्द हुन्थ्यो । कहिलेकाहिं कर्मचारी साथीहरूलाई लिई हु.प्रा चौरमा फुटवल खेल्न गइन्थ्यो भने कर्मचारीको सरुवा, विदाई, अवकास विदामा पनि कार्यक्रम गरी कर्मचारीहरूसंगको सम्वन्ध न्यानो पार्ने प्रयास गरिन्थ्यो ।

बैंकिङ्ग कार्यको सिलसिलामा त्यसबेला शाखाले तत्कालिन क्षेत्रीय कार्यालयमा पठाउनुपर्ने मास्केवारी धेरै महिना देखि बाँकी रहेको देखिएकोले सोलाई नियमित गरी पठाउने कार्यलाई जोड दिंदा झण्डै एक वर्ष पछि मात्र त्यो काम सफल गर्न सक्षम भईयो । त्यसैगरी पुरानो कर्जा असुली उक्त शाखाको अर्को चुनौती थियो। उक्त कार्यलाई प्रभावकारी बनाउन कर्जा भुक्तानी म्याद सकिन लागेको पूर्व जानकारी, ७ दिने सूचना, १५ दिने अग्रिम सूचना र ३५ दिने सूचना पठाई कार्य प्रारम्भ गरियो । यो कार्यमा केही व्यापारीहरूले बैङ्कले कर्जा चुक्ता गर्न स्मरण गराएकोमा बैङ्कले त्यस कार्यलाई राम्रो माने भने "केहीले पर्दैनथ्यो हामीलाई थाहा छँदैछ नि" भन्ने मिश्रित प्रतिकृयाको अनुभूति भयो । तर गलत काम भयो भन्ने लागेन । पत्राचारबाट मात्र कर्जा असूली हुँदैन भन्ने लागेपछि साप्ताहिक, पाक्षिक तथा मासिक रुपमा पैदल वा क्षेत्रीय कार्यालयबाट सवारी साधन मगाई स्थलगत कर्जा असुली अभियान चलाईयो । सो को प्रभावकारी प्रतिफल प्राप्त भयो पनि । बैङ्कको कर्जा असुली टोली आएको सवारी साधन देख्दा ऋणीहरूलाई केही असहज भएको अनुभूति पनि भयो भने एक जना ऋणीले "सिटी अफिस हेटौडाका शाखा प्रवन्धकले कर्जा असुली गर्न बारम्वार ताकेता गर्न आउने गरेकोले, निजलाई बारम्बार कर्जा असुली ताकेतामा नजानु" भन्ने आदेश गर्न तत्कालिन महाप्रवन्धक श्री गौरीलाल श्रेष्ठलाई पत्र पठाएकोसम्म जानकारी पाएको थिएँ ।

समग्रमा सिटी अफिसको तीन वर्ष एक महिनाको बसाई मेरो अत्यन्त सफल रहेको मलाई अनुभूति हुन्छ । यी बाहेक मैले संगीत तर्फको मेरो यात्रामा सि.अ. हेटौडाको बसाइमा अझ उचाइमा पुऱ्याउन सघाउ पुगेको छ । सोही शाखामा रहँदा मैले विहान बेलुकी हिन्दी भाषाको सर्वश्रेष्ठ रेडियो "विविध भारती" सुन्न थालेको छुँ जो म आज पनि सुन्ने गर्दछु ।

त्यस पश्चात् मलाई प्रधान कार्यालयबाट सिटी अफिस विराटनगरमा सरुवा गरियो । सिटी अफिस हेटौडामा रहँदा मसंग मेरो पिता पनि संगै लाग्नु भएको थियो । केही दिन पछिको विराटनगर बसाइ पछि पिताजी काठमाण्डौ नै फर्कनुभयो ।

देशको दोस्रो ठूलो व्यापारिक एवं औद्योगिक शहर विराटनगरको कारोवार सिटी अफिस हेटौडाको तुलनामा निकै ठूलो रहेछ । एवं प्रकारले उक्त अफिसमा कार्यरत रहँदारहँदै २०५८/०१/१३ गते पिताजीको स्वर्गारोहण भएपछि २०५८ श्रावण देखि कान्तिपथ शाखामा सरुवा भई काम गर्नथालें ।

कान्तिपथ शाखामा एक वर्ष शाखा प्रवन्धक भई काम गर्दागर्दै का.मु.मुख्य प्रवन्धक पदमा का.मु. मुकरर भएपछि प्रधान कार्यालय संस्थागत योजना तथा अनुसन्धान विभागमा सेवा गरियो । उक्त विभागका खासगरी नेपाल राष्ट्र बैङ्कको निर्देशन बमोजिम तथ्याङ्क पठाउन तथा बार्षिक योजना तथा बजेट तर्जुमा तथा कार्यान्वयन गर्ने गराउने काम गर्दछ । उक्त समय ICCMT को व्यवस्थापनको पालामा म नेपाल बैङ्कको तर्फबाट कम्पनी सचिवको समेत कार्य गरी सूचना तथा प्रविधि विभाग, केन्द्रीय वित्त विभाग, शाखा व्यवस्थापन विभागमा कार्यरत रहें ।

बैकिङ्ग सेवाको दौरानमा कार्यसहायक पदमा कार्यरत रहँदा देखि नायव महाप्रवन्धक पदमा कार्यरत रहँदासम्म मुख्य कुरा जति जति माथिल्लो पदमा पुगिन्छ त्यति त्यति दायित्व, जिम्मेवारी, जवाफदेहिता बढ्ने रहेछ भन्ने व्यबहारिक अनुभूति भयो । सबैभन्दा राम्रो पक्ष के रह्यो भने मलाई बैङ्कमा सेवा गर्ने क्रममा काम गर्न वा नगरि दिन कतैबाट त्यस्तो कुनै दवाव आएको मैले पटक्कै महसुस गरिन । स्वविवेकले निर्णय गर्ने भएपनि एकपटक विषयमा राम्ररी गहिरिएर सोच्ने, आवश्यक पर्दा सहयोगीहरूबाट र उच्चतहका प्रमुखहरूबाट राय सल्लाह लिई काम गर्ने गर्नाले र काममा सधैं अग्रसर भ्इरहने हुँदा समग्रमा बैङ्क सेवाको मेरो कार्यकाल सफल रहेको लाग्छ ।

***नेबियु सन्देश : इतिहास बोकेको आधुनिक बैङ्क नेपाल बैंकको विकासको क्रममा ऐतिहासिक पृष्ठभूमि देखि वर्तमान परिस्थितिसम्म आईपुग्दा ICCMT को कार्यकाल, बैङ्कको पूँजीबृद्धि योजना, नेपाल राष्ट्र बैङ्कको प्रत्यक्ष भूमिका र हालको परिवर्तित अवस्थासम्मलाई तपाईले कसरी विश्लेषण गर्नुहुन्छ ?***

**उत्तर :** नेपाल बैङ्कको ऐतिहासिक पृष्ठभूमि धेरै महत्वपूर्ण रहेको छ । देशमा आधुनिक बैङ्कको थालनी देखि केन्द्रीय बैङ्क समेतको भूमिका निर्वाह गरेको यो बैङ्कको ८१औं वर्षसम्मको यात्रामा यसले धेरै आरोह अवरोह छिचोल्दै आएको छ। यसै क्रममा केही वर्ष पहिले बैङ्कमा वित्तीय पक्ष, मानवश्रोत व्यवस्थापन तथा बैङ्क सञ्चालन जस्ता क्षेत्रहरूमा केही समस्या तथा कमी कमजोरी देखिएका थिए । उक्त अवस्थालाई मध्यनजर गर्दै सरकारले वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नेपाल बैङ्क लिमिटेड र राष्ट्रिय बाणिज्य बैङ्कमा सुधारका कार्यक्रमहरू तय गरी काम अघि बढाएको थियो । यस क्रममा नेपाल बैङ्कको वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत ICCMT ले बैङ्कमा आफ्नो कार्य प्रारम्भ गऱ्यो । यस कार्यक्रम अन्तर्गत खासगरी बैङ्कको लेखा पद्दति, आन्तरिक लेखा परीक्षण, कर्जा व्यवस्थापन र बैङ्क सञ्चालन तर्फ सुधारात्मक कार्य भएको मेरो अनुभव छ । समय सापेक्ष बैङ्कको वित्तीय अवस्था मजबुत गर्न केन्द्रीय बैङ्कले गर्ने निर्देशनात्मक कार्य अनुसार नोक्सानीमा रहेको यस बैङ्कको पूँजी संरचना परिवर्तन गरी सवल बनाउन पूँजी बृद्धि योजना प्रारम्भ गरिएकोमा विभिन्न श्रोतहरूबाट पूँजी बृद्धि कार्य सम्पन्न गरिसकिएको छ ।

यसरी बैङ्कको विभिन्न समयमा देखापरेको समस्याहरूको समाधानको लागि नेपाल सरकार र नेपाल राष्ट्र बैङ्कले अपनाएको नीति तथा कार्यक्रमहरूबाट नेपाल बैङ्कमा सम्वन्धित पक्षहरूले विभिन्न अनुभव बटुल्न सकेका छन् भने कर्मचारीहरूमा शीप हस्तान्तरण हुन गई उनीहरूको कार्यक्षमता तथा उत्पादकत्वमा पनि बृद्धि भएको छ । समग्रमा सरकारी नीति तथा कार्यक्रम तथा केन्द्रीय बैङ्कको प्रत्यक्ष संलग्नताबाट बैङ्कको समग्र अवस्थामा सुधार भएको मैले महसुस गरेको छुँ ।

**नेबियु सन्देश :** ***तपाई नायव महाप्रवन्धकमा कार्यरत रहँदा बैङ्क विकास सम्वन्धिका योजना के के थिए ? अनि कति पूरा भए ? कति पूरा हुन सकेनन् कृपया कारणसहित बताइदिनु हुन्छ कि ?***

**उत्तर :** बैङ्क विकासको लागि बैङ्कले बार्षिक वजेट तथा कार्यक्रमलाई सोही अनुसार बैङ्क सञ्चालन गर्ने हो । उक्त कार्यक्रममा मेरो व्यक्तिगत रुपमा खासगरी **"ग्राहकस्तरीय सेवा"** मा जोड रहेको थियो । यसको अलावा बैङ्क सञ्चालन अर्को पक्ष थिए । विशेषत स्तरीय ग्राहक सेवाको लागि काठमाण्डौ बैकिङ्ग अफिसमा तल्लो तहका कर्मचारीदेखि माथिल्लो तहका कर्मचारीहरूलाई करिव एक महिनाको कार्यक्रम सञ्चालन

गरी सम्पूर्ण कर्मचारीहरूलाई **"स्तरीय ग्राहक सेवा"को** बारेमा त्यसको आवश्यकताबारे अनुभूति गराईएको थियो। जुन निकै प्रभावकारी भयो । यसको अलावा सन्ध्याकालिन काउण्टर मुख्य भवनबाट बाहिर काउण्टरमा सार्नु, पुराना सामानहरूको व्यवस्थापन गर्नु, ३० वर्ष सम्म सञ्चालनमा नआएका ६० वटा लकर्स पुनः सञ्चालनमा ल्याउन आवश्यक नीतिगत निर्णय गराउनु जस्ता कार्य सफल रुपमा भएको थियो ।

बैंङ्क विकास कार्य अन्तर्गत नै बैकिङ्ग अफिसबाटै काठमाण्डौ भित्रका शाखाहरूलाई फण्ड व्यवस्थापन गर्ने गरी प्रस्ताव उच्च तहमा प्रस्ताव गरेकोमा उक्त कार्य त्यति प्रभावकारी बन्न सकेन । यसरी उक्त कार्य प्रभावकारी हुन नसकेकोमा प्रमुख कारण आवश्यक पूर्वाधार व्यवस्थापनको कमी रह्यो । किनकी उक्त कामको भार ठूलो हुने र शाखाहरूको नगद व्यवस्थापनसंग मात्र हुने भएतापनि छुट्टै निकाय जस्तो गरी काम गर्नुपर्ने हुन्छ जुन काठमाण्डौ बैकिङ्ग अफिसको दैनिक कार्यसंग संगै गर्दा केही समस्या देखिएको हो । तर यसलाई छुट्टै निकायकै रुपमा सञ्चालन गराउँदा **"नगद व्यवस्थापन"** निकै प्रभावकारी हुन्छ भन्ने लागेको भएतापनि उक्त कार्य प्रभावकारी हुन सकेन । स्तरीय ग्राहक सेवा काउण्टरबाट प्रारम्भ हुने कुराको अनुभूति हुंदाहुदै पनि काउण्टरको पहिलो पंक्तिमा नयां नियुक्ति र पुराना कर्मचारीहरूबाट काउण्टर संचालन गर्ने बारेको व्यबस्थापन त्यस समयमा सहज हुन सकेन । तर अहिले भएको देख्छु। तर पुराना कर्मचारी नगन्य रुपमा देखिन्छ । यस्तो हुनुमा पुराना कर्मचारीहरू अबकास भई नयां कर्मचारीहरूबाट काउण्टर व्यबस्थापन गरीएको हो । तत्कालिन समयमा **"इम्लपोई मिक्स अप एण्ड ल्पेशमेण्ट"** को आवश्यकता महशुस गएितापनि लागु गर्न नसकिएकै हो ।

**नेबियु सन्देश :** ***नेपाल बैङ्कले पूँजीवृद्धि योजनालाई सफल बनाई बैंकिङ्ग क्षेत्रमा अबल दर्जामा आफूलाई नाफामूलक संस्था बनाउन सफल भएको परिस्थितिमा पनि कर्मचारीवर्ग, ग्राहकवर्ग र शेयरहोल्डरलगायतका वर्गको असन्तुष्टिहरू देखिन थालेका छन् । यसलाई सन्तुलनमा ल्याउन तपाईको विचारमा के गर्नुपर्ला ?***

**उत्तर :** बैङ्कले आफ्ना स्टेकहोल्डरहरूलाई सुविधा तथा लाभ दिन सक्नुपर्छ । तर यो त्यसबेला सम्भव हुन्छ जुनबेला बैङ्क व्यवस्थापकीय पक्ष नितान्त सबल भई बैङ्कले आफ्नो सम्पूर्ण श्रोत र साधनहरूको उच्चतम प्रयोगबाट मुनाफा आर्जन गर्नसक्छ । तर त्यसो भन्दैमा मुनाफा हुँदैमा त्यसको प्रतिफल लिन पाइन्छ भन्ने होइन । किनकी कम्पनीमा कुनै समय भएको कमजोरीको कारण संचित नोक्सानीको व्यवस्थापन गर्नुपरेकोले आशातित लाभ वितरण गर्न सकिदैंन जुन वित्तीय अनुशासनभित्रको सिद्धान्त पनि हो । अतः यस्तो परिस्थितिमा संचिति नोक्सानीको अंशको व्यवस्थापन गरिसकेपछिको अवस्थाले स्वतः त्यस्ता असन्तुष्टीहरू हट्दै जान्छ । यसको लागि धैर्यताको आवश्यकता पर्दछ ।

**नेबियु सन्देश :** ***बैङ्क सेवाको लामो अनुभव तपाई कसरी साट्न चाहनु हुन्छ ? बैङ्क सेवामा रहँदाको तपाईको सुखद /दुःखद क्षण बारे केही बताई दिनुहुन्छकी ?***

**उत्तर :** बैङ्क सेवाको लामो अवधि ज्यादै प्रेरणादायी सन्तोषजनक र सफल रह्यो । **"आफू ठीक भएपछि अरु ठीक हुन्छन्"** भन्ने कुराको अनुभूति राम्ररी भयो । जुन अरुको कमीकमजोरी र सो माथि हुने गरेको टिकाटीप्पणीबाट मन्थन गरी यथार्तता अपनाउन सक्नुपर्दछ । किनकी आफू अनुशासनमा रहनु ठिक रहनु भनेको पचास प्रतिशत व्यवस्थापन स्वतः ठीक गर्न सक्षम हुनु हो । आफू कार्यालयमा ढिला आउने अरुलाई "... ढीलो भयो" भन्नु र केटाकेटीहरूको अगाडि चुरोट तान्दै केटाकेटीहरूलाई "... ... चुरोट खानु हुन्न " भन्नुको कुनै अर्थ रहदैंन । यी कुराहरू नै मैले बैकिङ्ग अनुभवको सार मानेको छु । किनकी कामको बेला कर्मचारी अन्य बेला सहयोगी साथीभाईको रुपमा रहे । त्यसले गर्दा धेरै जस्तो समय सुखद रहेको अनुभूति हुन्छ । सिटी अफिस विराटनगरमा रहँदा २०५८ बैशाख १३ गते पिताजीको काठमाण्डौमा स्वर्गारोहण भएको र भोलिपल्ट मात्रै घर आउन पाउँदा दुःख लाग्या थियो । अन्यथा त्यस्तो केही छैन ।

**नेबियु सन्देश :** ***नेपाल बैङ्कलाई निजीकरण गरी रणनीतिक साझेदारलाई हस्तान्तरण गर्ने साथै आफ्नो स्वामित्वमा रहेको शेयर समेत विक्री गर्ने चर्चा चलिरहेको सन्दर्भमा तपाईको धारणा के हुन सक्ला ?***

**उत्तर :** विश्व अहिले एउटा सिगों बजार हो । त्यो बजारमा संसारको जोसुकैले पनि आफ्नो व्यापार व्यवसाय स्थापित गर्नसक्छ। हाम्रो देश पनि त्यो बजारको अंश हो र हुनुपर्छ पनि । किनकी आजको विश्व अर्थव्यवस्थामा कुनै पनि देश अल्लगिएर बस्न सक्दैन । यसरी विश्व अर्थ व्यवस्थामा आफ्नो अंश कायम राख्न सोही अनुरुपको स्तर कायम गर्नुपर्दछ। जसको लागि विश्वव्यापीस्तरको आर्थिक सवलता प्राविधिक पक्ष,मानवीय क्षमता तथा अभिलेखको व्यवस्थाको आवश्यकता पर्दछ । यसको लागि विश्वस्तरीय प्रविधि भित्र्याउनुपर्ने आवश्यकता पर्ने हुँदा बैङ्कलाई निजीकरण गरी रणनीतिक साझेदार भित्र्याउनुपर्ने आवश्यकता पर्ने हुँदा बैङ्कलाई निजीकरण गरी रणनितिक साझेदार भित्र्याउने वा शेयर विक्री गरी स्वामित्व हस्तान्तरण गर्ने भन्ने हो । त्यो भन्दैमा हाम्रो मौलिक अस्तित्व नै मेटिने भन्ने होइन । यसरी साझेदारी भित्र्याउने भन्ने कुरा बैङ्कमा रहेको सरकारी स्वामित्व घटाउने हो । राम्रो दक्ष र सक्षम साझेदारलाई शेयर बिक्री गर्ने हो । यो नितान्त सरकारी निर्णय हो । यसरी साझेदारी भित्र्याउने क्रममा स्वदेशी भित्र्याउन सके

*Happy Dashain and Tihar 074*
**Rejendra Man Shrestha**
Director
**ROCHAK HAND-KNIT CRAFT**
***Manufacturer and Wholeseller of***
***Handmade Wollen Sweter, Cotton and Natural Fiber***
P.O. Box 10005, 63/48 Pahikwa Marg, Naya Bazar (Town Planning), Kathmandu-16
E-mail: rochakhandkintcraft@hotmail.com Website: www.rochkhandkntcraft.com.np

बडा दशैं, तिहार तथा छठ पर्वको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**सुविधा वचत तथा ऋण सहकारी संस्था लि.**
**महाबौद्ध काठमाडौं, नेपाल**
**फोन : ४२१६१५१**

राम्रो हुन्छ किनकी स्वदेशी साझेदारीले नेपालको बैकिङ्ग अभ्यास राम्ररी बुझेको हुन्छ भने साझेदारी भई आउने अन्तर्राष्ट्रियस्तरको प्राविधिक पनि मान्यताप्राप्त व्यवस्थापकीय क्षमता हासिल गरेकै हुनुपर्दछ । यस अर्थमा चलिरहेको चर्चा समय सापेक्ष हो भन्ने मलाई लाग्दछ ।

**नेबियु सन्देश :** ***बैङ्क व्यवस्थापनका सवल पक्ष र कमजोर पक्ष के के रहे ? साथै आगामी दिनमा यसलाई कसरी सुधार गनुपर्ला ?***

**उत्तर :** बैङ्क व्यवस्थापनका सवल पक्ष र कमजोर पक्षको पुष्ट्याई सधैं एकै खालको हुँदैनन् । त्यसैले यही नै सवल पक्ष रह्यो यो कमजोर पक्ष भन्दा अपूर्ण हुन्छ कि ? किनकी नेपालको बैकिङ्ग क्षेत्रमा २०४१ आषाढ २९ गते पहिलो पटक संयुक्त लगानीमा नेपाल अरब बैङ्क लिमिटेड स्थापना भएपश्चात् नेपालमा पूर्ण स्वामित्व रहेको राष्ट्रिय बाणिज्य बैङ्क र अर्धसरकारी स्वामित्व रहेको नेपाल बैङ्क लिमिटेड खासगरी दुई पाटामा देखापरे । यसरी बैकिङ्ग क्षेत्रमा सरकारी बैङ्कहरू र संयुक्त लगानीमा स्थापना भएको बैङ्कले नेपाली बैकिङ्ग क्षेत्रमा बृहत परिवर्तनको सम्भावना र आवश्यकताको महसुस गरायो । फलस्वरुप वाणिज्य बैकिङ्ग क्षेत्रमा बैकिङ्ग कारोवार,ग्राहक सेवा, आधुनिकीकरण तर्फ प्रतिस्पर्धाको संकेत देखिनथाल्यो । यसरी क्रमिक रुपमा संयुक्त लगानीमा नयाँ प्रविधियुक्त बैङ्क खुल्ने क्रम बढ्नथाल्यो । यस स्थितिले नेपाल बैङ्कलाई पनि क्रमशः प्रभाव पार्नथाल्यो । खासगरी यसले नेपाल बैङ्कमा कर्मचारी प्रशासन, नयाँ प्रविधि तथा ग्राहक सेवामा केही बढी प्रभाव पार्न थालेको महशुष भयो । किनकी संयुक्त लगानीमा स्थापित बैङ्कहरूले स्थापना प्रविधियुक्त, नयाँ कर्मचारीहरूको आधारमा भयो जसले जनमानसमा नयाँ सेवाको अनुभूति गरायो भने पुराना बैङ्कका कमजोरीहरूबाट उनीहरूले लाभ लिनसक्ने स्थिति देखापऱ्यो । यस स्थितिमा नेपाल बैङ्कले आफूलाई अटोमेशन तर्फ लैजानसक्ने आधारहरू र क्षमता विस्तार गर्नसक्ने कार्य तत्काल गर्न सक्ने अवस्था थिएन भने मौजुदा कर्मचारीहरूको क्षमता एकैपटक बृद्धि गरी प्रतिस्पर्धात्मक वातावरणमा उत्रन त्यति सहज थिएन । त्यसैले बैङ्क व्यवस्थापनका स्रोत र साधनहरूको प्रभावकारीपूर्ण अधिकतम प्रयोग र समय सापेक्ष अटोमेशन गर्न नसक्नु कमजोर पक्ष देखियो भने देशमा केन्द्रीय बैङ्क समेत स्थापना नभएको अवस्थामा वाणिज्य बैङ्कको रुपमा स्थापित भएर केन्द्रीय बैङ्कको समेत काम गर्दै देशमा आधुनिक वाणिज्य बैङ्कको प्रादुर्भाव गराई जनतालाई बैकिङ्ग सेवा पुऱ्याउँदै ग्राहकको विश्वास जित्नु, देश विकासको लागि पूँजी जुटाउनु, रोजगार प्रदान गर्नु,अन्तर्राष्ट्रिय क्षेत्रमा बैङ्कलाई चिनाउनु जस्ता महत्वपूर्ण पक्ष यो बैङ्कको सवल पक्षहरू हुन् । तसर्थ अर्न्तराट्रिय बैकिङ्ग क्षेत्रमा आउने नयांपनहरूलाई देशमा बिद्यमान बित्तिय अवस्थासंगसंगै मिलाएर बैंकलाई लैजान हरतरहले तत्पर हुनु पर्दछ । त्यस्ता नयाँपनको अनुभूति आफ्ना ग्राहक समक्ष पुऱ्याउने काममा बैङ्क सधैं अग्रपक्तिमा रहनु पर्दछ । जसकोलागि सूचना प्रणली र अन्तराट्रिय बैकिङ्ग प्रणाली बारे बैङ्क सधै अपडेट रहनु पर्दछ ।

**नेबियु सन्देश :** ***अन्तमा तपाईको भन्नैपर्ने कुरा केही छ कि ? अनि हाम्रा पाठकवर्गलाई के सन्देश दिन चाहनु हुन्छ ?***

नेपालको बैकिङ्ग इतिहासमा पहिलो वाणिज्य बैङ्कको रुपमा स्थापित यो बैङ्क महत्वपूर्ण भूमिका बारे अव भनिरहनु पर्दैन होला । आज भन्दा ८० वर्ष अघि स्थापित यो बैङ्कको स्थापना समयदेखि अहिलेसम्मको अवस्थासम्म आइपुग्दाको चित्रण गर्न यस बैङ्कको पुरानो भवनलाई संरक्षण गर्दै त्यसताकाका उपकरण सामाग्री तथा स्टेशनरी आदि जे जति उपलब्ध हुनसक्छ सो समेतलाई समेटी "नेपाल बैङ्क संग्रहालय" स्थापना गर्नसके भाबी पीढीहरूलाई नेपालमा बैकिङ्ग बिकासको बारेमा ज्ञान हासिल गर्नमा सघाउ पुग्ने थियो ।

साथै यस मुखपत्रले बिबिध पक्षहरूमा आफ्ना पाठकबर्गहरू समक्ष ज्ञानबर्धक, सूचनामूलक तथा समसामयीक बिषयका स्तम्भ मार्फत पुऱ्याउदैं आएको जिम्मेबारी पुरागर्दै जाओस र निरन्तररुपमा पाठकबर्गले पनि यस मुखपत्रप्रति प्रेम र स्नेह कायम राख्न सफल रहनुहोस् भन्ने चाहन्छु ।

अन्त्यमा यस नेपाल बैङ्कको सधैं उत्तरोत्तर प्रगति र विकास भईरहोस् भन्ने चाहन्छु । धन्यबाद !



**स्व. विनोदकुमार दुवे**

जन्म : २०१८/०३/०५

देहावसान : २०७४/०५/०८

# भावपूर्ण श्रद्धान्जली

नेपाल बित्तीय संस्था कर्मचारी संघ, ने.बै.लि.केन्द्रीय समितिका तत्कालिन का.वा. अध्यक्ष बिनोदकुमार दुवेको असामयिक निधनले हामी युनियन परिवार स्तव्ध र मर्माहत भएका छौं । उहाँको निधनले ट्रेड युनियनको क्षेत्रमा अपुरणीय क्षति पुग्न गएको महशुस गरेका छौं ।

यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्दै हार्दिक समबेदना प्रकट गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना एवं भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौं ।

**नेपाल बैंङ्क कर्मचारी युनियन**
**केन्द्रीय समिति परिवार**

*पैसाको व्यापार ...*

तबदेखि सरकारी टेण्डर र राजस्व उठाउँदा समेत नेपाली रुपैयाँ धरौटि राख्ने व्यवस्था प्रचलनमा आएको हो । नत्र तराईमा सधैं भारु प्रयोग हुदैं आएको थियो । तराईका कतिपय नागरिकहरूले नेपाली रुपैयाँको अनिवार्य चलन चल्तिले मात्रै आफूहरूमा नेपाली हुनुको गर्व अनुभुति भएको बताउँथे ।

त्यस समयमा पनि एकसय भारतीय रुपैयाँको सटही दर एक सय साठी नेपाली रुपैयाँ कायम थियो जुन अहिले कायम छ । जसलाई बैंकिङ्ग भाषामा विनिमय दर पेग गरेको भनिन्छ । देशभर नेपाली रुपैयाँ चलन चल्तिमा ल्याउनमा राष्ट्रियताको जागरण ल्याउनमा समेत नेपाल बैङ्कको ठूलो योगदान रहेको छ ।

## बैङ्क तथा वित्तीय संस्थाको फड्को

नेपालमा नेपाल बैङ्कको जुद्ध सडकमा एउटा शाखा खुल्दा विश्वका अन्य मुलुकहरूमा भएका बैङ्क शाखाहरूको संख्या हेर्दा हाम्रो अबस्था त्यस बेला कस्तो थियो होला भन्ने झल्को देख्न सकिन्छ ।

नेपालमा पहिलो बैङ्क सञ्चालनमा आउँदाको बखत संयुक्तराज्य अमेरीकामा ३० हजार, बेलायतमा १५ हजार, जर्मनीमा २० हजार र भारतमा एक हजार जति बैक शाखाहरू सञ्चालनमा रहेको तथ्याङ्कले देखाउँछ ।

हाल नेपालमा २८ बाणिज्य बैङ्क, ४० विकास बैङ्क, २८ वित्त कम्पनी, ५३ लघुवित्तीय संस्था गरी १४९ बैङ्क तथा वित्तीय संस्थाहरूका ५हजार ६८ वटा शाखा सञ्चालमा रहेका छन् । ४० हजारको संख्यामा सहकारीहरू सञ्चालनमा रहेका छन् ।

नेपालमा बैङ्क तथा वित्तीय सस्थाहरूले ४० प्रतिशत जनतालाई वित्तीय सेवा उपलब्ध गराई रहेको छ भने बाँकी ६० प्रतिशत जनता अझै वित्तीय सेवाभन्दा बाहिरै रहेको अनुमान छ ।

नेपालमा मात्र होईन संसारभर बैङ्कहरूलाई आर्थिक सम्बृद्धिको द्योतकको रुपमा लिईन्छ । बैङ्क तथा वित्तीय संस्थाहरूले जनतालाई पुऱ्याईरहेको सेवा को आधारमा बैंकिङ्ग पहुँच र यस क्षेत्रको विकासलाई सम्बृद्धिको गरिन्छ ।

नेपालमा मात्रै होईन संसार भर जनताको निक्षेप लिने र जनतालाई नै कर्जा दिने र अन्य क्षेत्रमा लगानी गर्ने संस्था नै बैङ्कहरू हुन् ।

बैङ्कहरूले पैसाको कारोबार गरि पैसा बृद्धि गर्ने हुँदा बैङ्कलाई पैसाको व्यापारी भनिन्छ । पैसाको नै व्यापार गर्न खोलिएका सस्थाहरूले के कसरी जनतालाई सेवा दिईरहेका छन् त ? लेखा जोखा पाठकहरूकै मर्जी !





**प्रोग्रेशिभ फाइनान्स लिमिटेड**
**Progressive Finance Limited**

Pako, Newroad, GPO Box No. 10390, Kathmandu, Tel: 4246402, 4242244, Fax: 977-1-246403

**क) बचत निक्षेपको दैनिक मौज्दातमा प्रदान गरिने बार्षिक व्याजदर :**

**प्राकृतिक व्यक्ति तर्फ**

| बचतको प्रकार | ब्याजदर(%) | न्यूनतम मौजदात | ब्याज पूंजीकरण गरिने समय |
|---|---|---|---|
| क) सामान्य तथा विशेष वचत : | ८.००% | रु.१००।– | त्रैमासिक |
| ख) प्रोग्रेशिभ सुपर वचत : | ८.००% | रु.२५,०००।– | त्रैमासिक |
| ग) बाल वचत : | ८.००% | रु.१,०००।– | त्रैमासिक |
| घ) कर्मचारी ग्रोइङ प्लस बचत : | ८.००% | रु.१,०००।– | त्रैमासिक |
| ङ) प्रोग्रेशिभ गोल्ड वचत | ८.००% | रु.५,०००।– | त्रैमासिक |
| च) शेयरधनी वचत | ८.००% | रु.५,०००।– | त्रैमासिक |
| छ) प्रोग्रेशिभ उन्नति वचत | ८.००% | रु.१,०००।– | त्रैमासिक |
| ज) उग्रतारा विशेष बचत | ८.००%* | रु.१००।– | त्रैमासिक |
| झ) शुभारम्भ बचत खाता | ८.००%* | रु.१००।– | त्रैमासिक |
| ञ) जेष्ठ नागरिक/कृषक मजदुर/ एकल महिला पुरुष बचत खाता (JNKMEMP) | ८.५०% | रु ५,०००/- | त्रैमासिक |
| ट) प्रसन्न बचत खाता | ९.००% | रु १,००,०००/- | त्रैमासिक |

**संस्थागत तर्फ**

| | | | |
|---|---|---|---|
| १. सामान्य कर्पोरेट बचत | ८.००% सम्म | वित्तीय संस्थाहरू रु १०,०००/- अन्य संस्थाहरू १,०००/- | त्रैमासिक |
| २. प्रोग्रशिभ सुपर कर्पोरेट बचत : | ८.००% सम्म | रु १,००,०००/- | त्रैमासिक |
| ३. प्रोग्रेशिभ विशेष कर्पोरेट बचत | ८.००% सम्म | वित्तीय संस्थाहरू रु १०,०००/- अन्य संस्थाहरू १,०००/- | त्रैमासिक |

* शर्तहरू लागु हुनेछ ।

**ख) साधारण मुद्धती निक्षेपमा प्रदान गरिने वार्षिक व्याजदर :**

**प्राकृतिक व्यक्ति तर्फ**

| अवधि | मासिक ब्याज भुक्तानी | त्रैमासिक ब्याज भुक्तानी | वार्षिक ब्याज भुक्तानी | म्याद पश्चात ब्याज भुक्तानी |
|---|---|---|---|---|
| ३ महिना | - | ९.५०% | - | ९.५०% |
| ६ महिना | - | १०.००% | - | १०.००% |
| १ वर्ष | ११.००% | ११.५०% | १२.००% | १२.००% |
| २ वर्ष सम्म | ११.५०% | १२.००% | १२.५०% | १३.००% |

*नोट : उपरोक्त निक्षेपमा कर्जा लिएमा थप व्याजदर ३.०० प्रतिशत सम्म लाग्नेछ र निक्षेपको ९० प्रतिशत सम्म कर्जा दिन सकिनेछ ।*

# Money laundering: Introduction and Nepalese context



-

**Mukunda Sharan Wagle**

*Assistant Manager,*
*Loan Recovery Department, Nepal Bank Limited*

Money laundering is the process of transforming the illegally obtained money into legitimate capital. The word **"Laundry"** literally means **'cleaning'**. So, metaphorically, money laundering refers to **'cleaning on money'**. Simply, money laundering is the process of making dirty money looks clean.

Money laundering is the practice of engaging in financial transaction in order to conceal the identity, sources and/or destination of illegally obtained money. Usually, the money involved has been derived from illegal activities and the goal is to give that money the appearance of coming from a legitimate source. According to Action Task Force (FATF) crimes such as illegal arm sales, narcotic trafficking, smuggling as well as embezzlement, insider trading, bribery and computer frauds produce large profits and create the incentive to legitimize the ill-gotten gains through money laundering is driven by criminal activities and conceals the true source, ownership or use of fund. United Nations office on Drugs and Crime (UNODC) estimated that 2.5% of global GDP (or $800 billion) money laundered globally in one year.

**"Money laundering is processing of criminal proceeds to disguise their illegal origin in order to legitimize the ill-gotten gains of crime."**

-FATF

Nepalese money laundering prevention act 2008 did not have explicit definition of money laundering before its second amendment. It had however implicit list of illegal actions, which it committed, are considered to be money laundering offense. But, second amendment of Money laundering prevention act 2008 in 2070 define money laundering in line with Palermo convention of United Nations as follows-

a) The conversion or transfer of property, knowing (or having sufficient ground to know) that such property is proceeds of crime, for the purpose of concealing or disguise the illicit origin of the property or helping any person who is involving in the commission of the predicate offence to evade the legal consequences of his or he action.
b) The concealment of disguise of the true nature, source, location, disposition, movement or ownership of or right with respect to property knowing that such property is the proceed of crime.
c) The acquisition, possession or use of property knowing, at the time of receipt, that such property is the proceeds of crime Subject to Participation, in association with or conspiracy to commit, to commit and aiding, abetting, facilitating, and concealing the commission of any of the offense established above a, b and c.

In short, money laundering converts the black money into so called white money. Considering all the definitions, following are the important elements of money laundering

- ❖ Process of concealing or disguising the source of income (or property)
- ❖ Money (or property) is obtained from illegal activities
- ❖ There must be predicate offense in order to any crime to be called money laundering
- ❖ It is derivative crime- i.e. induced by predicate offense.

### Money laundering cycle

**Predicate offense -** Predicate offense is the underlying crimes that generate the money to be laundered. It is called predicate because the crime predate the money laundering. Predicate offence generally, can be grouped into:

- ✓ Drug trafficking
- ✓ Blue-collar crimes- These include gambling, bookmaking, human/organ trafficking, etc.
- ✓ White-collar crimes- These include embezzlement, frauds, tax evasions, etc
- ✓ Bribery and corruption - Beneficiaries of this crimes are policy officials who stand to benefits from their decisions
- ✓ Terrorism

**Placement -** Physical disposal of cash or other assets derived from predicate offence

This is the first step of money laundering process, when the physical currency enters into the financial system. Often, this is accomplished by placing the funds into circulation through financial institutions, casinos, and others (domestically and internationally.) This phase involves the transactions such as:


- ✓ Breaking-up large amount of cash into smaller sums and depositing them directly into bank accounts.
- ✓ Transporting cash across the border to deposit in foreign financial institution
- ✓ Buy high value goods such as art work, antique, precious metal that can resold for payment by cheque or bank

This is the most vulnerable stage.

Layering - Separating the illicit proceeds of criminal activities from their origin through complex layers of financial transaction

This second stage involves converting the proceeds of the crime into another form and creating complex layer of financial transactions to disguise the audit trail, sources and ownership of fund. It involves the transaction such as:

- ✓ Sending wire transfer from one account to another
- ✓ Converting cash into other monetary instrument e.g. traveler's check
- ✓ Investing in real estate and legitimate business
- ✓ Using shell companies and structure, etc




**Integration**- Providing apparent legitimacy to illicit wealth through re-entry of funds into economy. It is the final stage of the laundering process when the funds reenter the legitimate economy and launder makes the funds appear to have been legally earned. This may be accomplished by purchasing real estate, car, precious metal, etc. It is very difficult to detect if there is no audit trail established during the placement of layering states.

Source: Michael Levi, Maria Dakolias and Theodore S. Greenberg (in the many faces of corruption), 2007, The World Bank, Washington DC

### Nepalese context of Money laundering

Economic crimes that have the nature of money laundering are outgrowth of economic and financial development in Nepal. There are some economic crimes of different scale like cheating, swindle, forgery, business malpractices etc. that can be traced in Nepal if we go back to the history.

Asia Pacific Group on Money Laundering identified the following suspicious activities related to money laundering in Nepal:

- ✓ False identity of launder
- ✓ Use of Nepalese ATM card to obtain Indian currency
- ✓ Showing wrong source of income
- ✓ Artificial appreciation and depreciation of land price while transaction
- ✓ Under/over billing at custom
- ✓ Tax evasion and
- ✓ Hundi and others illegal fund transfer
- ✓ Keeping properties under the ownership of relatives
- ✓ Complex structure of company- Shell Company
- ✓ Artificial business transaction

### What Banker's can do?

1. Establish AML compliance programs
2. Establish effective customer due diligence system and monitoring programs
3. Establish an effective suspicious activity monitoring and reporting process -
4. Develop risk based AML programs

References:

1. Asia pacific Group of Money Laundering (APG) (2011) Mutual Evaluation Report (Anti money laundering and Combating the Financial Terrorism) of Nepal, APG Sydney, Australia.
2. FATF Recommendations (February 2012). International Standards of Combating Money Laundering and the Financing of Terrorism and Proliferation, The FATF Recommendations, FATF Secretariat, OECD, Paris Cedex, France
3. Khatiwada, Dr. Yub raj, Money Laundering and its socioeconomic Impact: Nepalese Perspective, Institutional Support for Governance Reform, National Conference of Anti-Money Laundering 2002.
4. Madinger, John. 2006."Money Laundering: A Guide for Criminal Investigators", Second Edition.
5. Woods, Brett F. 1998. "The Art and Science of Money Laundering"

**Medico Home**

Dharmapath, New Road, Ph. 4247817
E-mail: medicohom@hotmail.com

Our Services:

***General medicine, General Surgery, Ghynae & Obs. Dermatologist, Endoscopy, Pediatrician, Orthopedic, E.N.T., E.C.G., Dental, X-Rays, Pharmacy, Homeopathy, Pathology Laboratory, U.S.G. (Ultra Sono Gram)***

## ब्लोदानका कार्यक्रमहरूमा सहभागिता

ब्लोदानको आयोजना तथा नेपाल सरकार, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको सहयोगमा मिति २०७४ जेष्ठ २२ काठमाण्डौं दक्षिण पश्चिम भेगका रक्तदान गर्ने संघसंस्थाहरूलाई समेटी सम्पन्न गरेको रक्तदाता उत्प्रेरणा तालिममा यस युनियनको तर्फबाट केन्द्रीय सदस्य उत्तमराम प्रधानको सहभागिता रहेको थियो। सो कार्यक्रममा ब्लोदान, नेपाल सरकार, केन्द्रीय रक्तसंचार सेवाबाट ब्लोदान सम्वन्धी, रक्तदान उत्प्रेरणा, रक्तदान नीति एवं रगत तथा रक्ततत्वको बारेमा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो।

त्यसैगरी मिति २०७४ भाद्र २४ गते क्षेत्रपाटी पार्टी प्यालेसमा सम्पन्न भएको ब्लोदानको बीसौं साधारण सभामा यस युनियनका पदाधिकारीहरूको सहभागिता रहेको थियो।


"सुरक्षित भविष्यको निश्चितताको लागि"

नेपालको सबैभन्दा जेठो बीमकको रूपमा कार्यरत बीमा कम्पनी

- अग्नि बीमा
- हवाई बीमा
- बाली तथा पशुपन्छी बीमा
- मोटर बीमा
- सामुद्रिक बीमा
- इन्जिनियरिङ्ग बीमा
- विविध बीमा

नेपाल इन्स्योरेन्स कम्पनी लि.

Nepal Insurance Company Ltd.

प्रधान कार्यालय:
एन.आई.सी. भवन, ३५ कुलरत्न मार्ग-३४५३ (कमलादी), पोष्ट बक्स नं.: ३६२३, काठमाडौं, नेपाल
फोन: ४२२१३५३, ४२२८६९०, ४२४५५६५/६८, फ्याक्स: ९७७-१-४२२५४४६
इमेल: nic@wlink.com.np

शाखा कार्यालयहरू:
- विराटनगर, बरगाछी, फोन: ०२१-४६०१५७, फ्याक्स: ०२१-४६११३२
- नारबयणगढ, मेनरोड, फोन: ०५६-५२११३२, फ्याक्स: ०५६-५२४६९३
- बुटवल, मिलन चोक, फोन: ०७१-५४१२२७, ५४३५८३ फ्याक्स: ०७१-५४६९१५
- भैरहवा, नरायणपथ, फोन/फ्याक्स: ०७१-५२७४५८
- बिर्तामोड, भद्रपुर रोड, फोन/फ्याक्स: ०२३-५४११७९
- बनेपा, तीनदोबाटो, फोन: ०११-६६१९३९, फ्याक्स: ०११-६६१८२५
- ललितपुर, कुमारीपाटी, फोन/फ्याक्स: ०१-५००८६८७
- जनकपुर, कदम चोक, फोन/फ्याक्स:०४१-५३०४३५
- बीरगंज, श्रीपुर, फोन: ०५१-५२२६३८,६२१५५६, फ्याक्स: ०५१-५२६९३८
- नेपालगञ्ज, सुर्खेत रोड, फोन: ०८१-५२६४०१, फ्याक्स: ०८१-५२१४००
- पोखरा, न्यूरोड, फोन: ०६१-५२३०८३, फ्याक्स: ०६१-५५०३५०
- लहान, लहान बजार, फोन/फ्याक्स: ०३३-५६०१८०
- हेटौंडा, अजर अमर रोड, फोन: ०५७-५२२००८, फ्याक्स: ०५७-५२७०३४
- बाग्लुङ्ग, पुरानो बसपार्क, फोन/फ्याक्स: ०६८-५२२७२६
- इटहरी, फोन/फ्याक्स: ०२५-५८६६७६
- दाङ्ग, घोराही, फोन/फ्याक्स: ०८२-५६०७६४
- डडेल्धुरा, फोन/फ्याक्स: ०९६-४१०९२८
- धनगढी, धनगढी बजार, फोन/फ्याक्स: ०९१-५२३२४८
- न्युरोड, काठमाण्डौ, फोन/फ्याक्स: ०१-४२४०२६८

सरक्षित भविष्यको निश्चितताको लागि बीमा






बडा दशैं, तिहार तथा छठ पर्वको हार्दिक मंगलमय शुभकामना ।

निक्षेप तथा कर्जा सुरक्षण निगम कोष
टंगाल काठमाडौं,
फोन : ४४१०६५९, ४४२१२४१
E-mail: dicgc@ntc.net.np






व्यवस्थापन संयोजक : रमेशकुमार श्रेष्ठ, सम्पादक : राजुराम मुनंकर्मी, विज्ञापन व्यवस्थापन : रविनाथ श्रेष्ठ, बजार व्यवस्थापन : राजुभक्त प्रधानाङ्ग, शैलेन्द्रनारायण श्रेष्ठ, महेश डंगोल,
प्रकाशक : नेपाल बैङ्क कर्मचारी युनियन, केन्द्रीय समिति, काठमाडौं, फोन : ४२२११८५ (एक्सटेन्सन : ४६०) E-mail: nebieu@hotmail.com